# अध्याय - एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल विश्व मानचित्रमा भौगोलिक रुपमा सानो छ । नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि रहेकोमा १५ प्रतिशतले हिमाली भाग १७ प्रतिशतले तराई र कुल क्षेत्रफलको ६८ प्रतिशतले पहाडी भू-भाग ओगटेको छ । यो सानो भू-खण्डमा हिमाल, पहाड र तराईको विविधता मात्र हैन यहाँका विविध जातिहरुका मौलिक संस्कृतिहरुले सुनमा सुगन्ध मिलाएको छ भन्दा अतियुक्ति नहोला यहाँका जनजातिहरुका आफ्नै मौलिक पनाहरुले यो देशलाई साँस्कृतिक समृद्धिको शिखरमा  पुऱ्याएको छ । नेपाल एक बहुजातिय, बहुभाषिक, बहुसांस्कृतिक एवं बहुधार्मिक मुलुक हो । यहां मगर, नेवार, गुरुङ, राई, लिम्बु, कामि, दमाई आदि जस्ता बिभिन्न जनजातिहरुले बसोबास गरेका छन् । यी जनजातिहरु मध्य पनि नेवार, लिम्बु, गुरुङ, तामाङका बारेमा धेरै अध्ययन अनुसन्धानहरु पनि भईसकेका छन् ।

विश्व जनसंख्याको आधा जनसँख्या ओगटेको महिलाहरुको विकास निमार्ण र अन्य रचनात्मक गतिविधिहरुमा सहभागिता न्युन रहेको छ । महिला सहभागितालाई विश्लेषण गर्ने हो भने घर, परिवार समाज र राष्ट्र प्रत्येक ठाउँमा उनिहरुको सहभागिता उलेख्य छैन्। जनसँख्याको आधारमा हेर्ने हो भने ५०.०४ प्रतिशत रहेका नेपाली महिलाहरुको राष्ट्रिय योजना आयोगमा महिलाहरुको उपस्थिति शुन्य छ । त्यसै गरि राज्यका तिन प्रमुख अंगहरु कार्यपालिका, न्यायपालिका र व्यवश्थापिकामा महिलाहरुको उपस्थिति लाजमर्दो छ । भएका थोरैपनि नाम मात्रमा सिमित छन् । निर्णायक तहमा उनिहरुलाई पुरयाईदैन, उनिहरुको आवाज सुनिदैन ।

जब महिलाहरु सामाजिक कार्यमा भाग लिन्छन् तव समाज तथा परिवारमा उनिहरुको सामाजिक स्तर बढ्न थाल्छ । यसो गर्दा महिलाका लागि मात्र छुट्याइएको परम्परागत चुल्हो चौकाको काममा परिवारका अन्य सदस्यले सघाउनै पर्ने बाध्यता  आउँछ। जब महिलाहरुको श्रोतमा पहुँच हुन थाल्छ उनिहरु परिवारिक निर्णयमा सामेल हुन सक्छन्। महिलाहरुको हातमा पैसा पुगेपछि घरका पुरुषहरु उनिहरुसँग कुरा गर्न बाध्य हुन्छन् । आर्थिक रुपमा आत्मनिर्भर हुनु महिला सशक्तिकरणको पहिलो खुड्किलो हो । महिलाको सवालमा परम्पराका नाममा  रहेका बिकृति जटिल समस्याका रुपमा रहेका छन् । कतै

दाइजोका कारण कुटपिट, बलात्कार, यातना, मानसिक पिडाका साथै आदि भयानक र तुच्छ ब्यबहार पनि धेरै भैरहेका छन् । यस्ता ब्यबहारबाट सचेत शिक्षित महिला पनि पिडित भइरहेको पाइन्छन् । महिला सशक्तिकरणको अर्थ महिलामा मात्र अधिकार निहित हुनुपर्छ भने होइन् । नेपाली समाज पितृसत्तात्मक अझै छ र महिला सशक्तिकरणका लागि मातृसत्तात्मक आवश्यक छ भन्ने पनि होइन् । मुख्य कूरा त के भने समाजमा रहेका कुरिति र कुसंस्कारलाई हटाउनु पहिलो महत्व हो । समानता भन्दैमा प्राकृतिक जिम्मेवारि तथा नियमलाई परिवर्तन गर्न सकिंदैन । तर परिवारको आर्थिक भार महिलाले पनि कम गर्न सक्छे भन्ने भावना विकसित गर्नु पर्ने देखिन्छ । यसरि पारिवारिक स्तरमा यदि महिला र पुरुष बिचको कामलाई समान रुपमा उदार विचारका साथ बाँड फाँड गर्ने हो भने महिलालाई मात्र नभएर पुरुषलाइ पनि फाइदा हुन्छ ।

आय आर्जन गर्दैमा हरेक महिलालाई आत्मनिर्भर भएको मान्न सकिंदैन । आयआर्जन गरेर बसेका महिला पनि अशक्त भएर बाँचिरहेका छन् । आर्थिक आत्मनिर्भरतासंगै सोचाइमा आत्मनिर्भर हुनुपर्‍यो, दुःख पर्दा सम्हाल्न सक्ने, रचनात्मक बाटो रोज्न सक्ने पनि हुनुपर्‍यो आफैमा भर पर्ने मनोविज्ञान विकास हुनुपर्‍यो । आत्मनिर्णयको क्षमता हुनुपर्‍यो, त्यसपछिमात्र महिला सशक्तिकरण दिगो रहन्छ ।

हिन्दु धर्मका अनुसार बिबाहको एउट प्रमुख उद्देश्य गर्भाधान गर्नु, सन्तान जन्माउनु हो । हिन्दु धर्मले छोरालाई प्रमुखता दिएको छ । यस धर्मका अनुसार छोराले बाबु आमाको मृत्यु पछि नरकबाट पार लगाउँछ भन्ने मान्यता छ । उदाहरणका लागि पति मर्दा क्रियापुत्री छोराले नै बस्नु पर्दछ, श्राद्ध छोराले नै गर्नु पर्दछ, दागबत्ती छोराले नै दिनु पर्दछ जबकि विधवा महिलाले उक्त धार्मिक कार्य गरेमा मृतक पनि स्वर्ग जान पाउँदैनन् भन्ने धार्मिक अन्धविश्वाश रहेको पाईन्छ । आज पनि छोरा नपाउने महिला पटक पटक गर्भवति र सुत्केरी हुनुपर्ने अवस्था छ । पटक पटक महिला गर्वभति हुनुपर्दा महिला शारिरिक मानसिक रुपमा पिडित हुने मात्र हैन दैनिक कैयौं महिला मृत्युको शिकार हुन बाध्य भैरहेका छन । आधुनिक चिकित्सा प्रणालिको बिकासको कारणले कैयौं शहरीया बाबु आमा गर्भ परिक्षण गराई छोरा देखिएमा मात्र सुत्केरी गराउने र छोरी देखीएमा गर्भ नै पतन गराउने पनि प्रशस्त घटनाहरु प्रकासमा आईरहेको छ । यस्ले गर्दा छोरीलाई आफ्नो जन्मन पाउने पहिलो अधिकारबाट समेत बन्चित गरिने मात्र नभई गर्भवती महिलाको स्वास्थ्यमा समेत प्रतिकुल असर पर्न सक्ने अवस्था रहँदै आएको छ ।

हाम्रो समाजमा महिला प्रति गरिने दूर्व्यवहार मध्य विधवा समस्या पनि एक हो । उनीहरु आफ्नै घर परिवार र समाज बाट अपहेलित हुनु परेको छ । बिधवाले जिवनभर फरक कपडा लगाई विभिन्न दैनिक ब्यबहारमा समेत ख्याल गर्नुपर्ने अवस्था एकातिर छ

भने अर्कोतिर चाहना हुँदाहँदै पनि पुनःविवाह गर्न सक्ने सामाजिक अवस्था छैन् । साथै हाम्रो देशको कानुनले पनि विधवा विवाहलाई प्रोत्साहन दिन सकेको पाईदैन ।

बिशेष गरि आर्थिक स्थिति कमजोर हुनुका साथै अन्य बिभिन्न समस्याले दैनिक जिवन गुजार्न समस्या देखिंदा महिलाहरु देहव्यापारमा लाग्न वाध्य हुनुपरेको पाईन्छ भने कहिं समाजमा देखिएका विकृति र विसंगतिले गर्दा पनि देहव्यापार फस्ताइ रहेको पाइन्छ । देहव्यापार फस्ताउनुको कारण प्रमुख कारण मध्य महिलाहरुमा चेतनाको कमी हुनु नै हो यसतर्फ महिलाहरु तथा नागरिक समाज सबैले चेतना फैलाउन आवश्यक देखिन्छ । मध्यपश्चिमको दाङ लगायतका जिल्लाहरुमा वादी जातिहरुमा आर्थिक अवस्था कमजोर भएका कारणले आजसम्म पनि चेलिवेटिलाई देहव्यापारमा लगाएको पाईन्छ । सरकारी तथा गैरसरकारी संस्थाहरुले देहव्यापारमा संलग्न महिलाहरुका लागि वैकल्पिक आम्दानीको बाटो देखाउन सफल भएमा यस्ता प्रचलनमा विस्तारै कमी आउन सक्ने देखिन्छ ।

अन्य देशको तुलनामा नेपालमा महिलाहरुको अवस्था धेरै पछाडि छ । विदेशमा राष्ट्र प्रमुख देखि अन्य विभिन्न गरिमामय पदमा महिलाहरु पुगिसकेका छन् । संयुक्तराष्ट्र संघले सन् १९७५ लाई महिला वर्ष र सन् १९७६ देखि १९८५ लाई महिला दशकका रुपमा मनाई सकेको छ । हाल सम्म ४ वटा महिला सम्मेलन सम्पन भइसकेको छन् । जसमध्ये सनं १९७५ मा मेक्सिकोमा पहिलो, सन् १९८० मा डेनमार्कको राजधानी कोपनहेगनमा दोस्रो, सन् १९८५ मा केन्याको रानधानी नैरोवीमा तेस्रो र सन् १९९५मा चिनको राजधानी वेईजिङ्गमा चौथो अन्तराष्ट्रिय महिला सम्मेलन सम्पन्न गरि महिला अधिकार र महिला सरोकारका विषयमा थुप्रै अन्तराष्ट्रिय मुद्दाहरु उठाएको पाइन्छ । चौठो बेइजिङ्ग सम्मेलनको समिक्षा बैठक पनि सन् २००० मा सम्पन्न भैसकेको छ तापनि सम्मेलनद्धारा घोषित विभिन्न प्रस्तावहरुमा नेपालको ध्यान पुग्नसकेको पाइँदैन ।

सशक्तिकरणको कुरा गर्दा महिला कस्तो क्षमता लिएर हुर्किरहेका छन् , उनिहरुले कुन क्षेत्रमा के गर्न सक्छन् भनेर यही अनुसारको अवसर, वातावरण निर्माण गर्न सकिएमा सहिरुपमा सशक्तिकरण सम्भव हुन्छ । योजना कार्यक्रम बनाउँदा बदलिँदो परिस्थिति, धरातल तथा महिला मनोविज्ञान लाई पनि ख्याल गर्नु पर्दछ । महिला सशक्तिकरणका लागि महिला आफैलाई संगठित गर्नुपर्छ । संगठनमा आवद्ध भएपछि महिलामा आफै केहि मात्रामा भए पनि आफै सशक्तिकरणको आरम्भ हुन्छ, यसले महिलाका मात्र नभइ समाजमा रहेका अरु समस्या समाधान गर्न पनि सजिलो हुन्छ । संगठित भएपछि श्रीमान् लगायत अरु पुरुषबाट हुने अत्याचार, शोषणबाट बच्न पनि सजिलो हुन्छ । संगठित भएपछि नै लैगिक भेद्भाव बुझ्दै जान्छन्, आफ्नो अधिकार प्रति सचेत तथा जागरुक हुन्छन् । समाजमा रहेका समस्याको बारेमा छलफल गराएर सबैको सहभागितामा त्यसलाई समाधान गर्न सकिन्छ ।

यसबाट समाज बैज्ञानिक, लोकतान्त्रिक, अधिकारप्रति सचेत बन्दै जान्छ । महिला हरेक दृष्टिकोणले आत्मनिर्भर बन्दै जान्छ । समाजलाई लोकतान्त्रिक बनाउन महिला अधिकार प्रति सचेत र हरेक कोणबाट सशक्त हुनु अनिवार्य छ ।

नेपालमा बि.सं १९९० को मुलुकी ऐन कानुनी रुपमा पहिलो दस्तावेज थियो । यसमा महिला अधिकार वा समानताका बारेमा कुनै ब्यबस्था गरिएको थिएन् । यद्यपि सती प्रथा र दास प्रथा जस्ता सामाजिक कुरितिहरु कायमै थियो । बि.सं १९७७ मा राणा प्रधानमन्त्री चन्द्रशम्सेरले सती प्रथा र दास प्रथाको उन्मुलन गरि महत्वपुर्ण अभियानको थालनी गरेका थिए जुन ज्यादै सरहानिय मान्न सकिन्छ । नेपालको पहिलो लिखित संविधान नेपाल सरकार वैधानिक कानून २००४ ले पनि महिलाको बारेमा कुनै वास्ता गरेको पाईदैन । नेपाल अन्तरिम शासन विधान २००७ ले पनि महिलालाई स्थान दिइएन् । सामान्यतया नेपाल अधिराज्यको संविधान २०१५ तथा २०१९ पछि मात्र महिलाहरुका लागि मौलिक हकका रुपमा समानता लगायतका कुराहरुको व्यवस्था गरिदैं आएको पाईन्छ । नेपाल अधिराज्यको संविधान २०४७ र नेपालकको अन्तरिम संविधान २०६३ लाई महिला अधिकारको सन्दर्भमा प्रगतिशिल मान्न सकिन्छ । यसै सन्दर्भमा प्रस्तुत अध्ययनले महिलाहरुको सामाजिक र आर्थिक अवस्थाको अध्ययन गर्न प्रयास गरेको छ ।

## १.२ **समस्याको कथन**

बिहान उठे देखि बेलुकी सुत्ने बेला सम्म महिलाहरु काममा व्यस्त हुन्छन् । घरभित्रको काम र विशेषगरि कृषि काममा नेपाली महिलाहरु वढी समय खर्चिन्छन् । थोरै संख्यामा मात्र महिलाहरु रणनैतिक रुपमा अगाडि देखिन्छन् । अल्पसंख्यक महिलाहरु मात्र गतिविधिमा सहभागि हुने, संघसंस्थामा लाग्ने, विद्यालय शिक्षा पूरा गर्ने, जागिर गर्ने गरेको पाईन्छ । धर्म, परम्परालाई निरन्तरता दिने नाममा नेपाली महिलाहरु थुप्रै सामाजिक, आर्थिक समस्या झेल्न बाध्य छन् । बिहान देखि बेलुका नसुत्दासम्म उनीहरु काममा जोतिएको जोतियै हुन्छन् । तर औषधि उपचार लगायतका खर्च गर्नका लागि पनि उनिहरुले पुरुषहरुको मुख ताक्नुपर्ने अवस्था छ । छोरीलाई विद्यालय नपठाउने पठाएपनि घरको काम सिध्याएर, भाईबहिनीहरुको रेखदेख समेत गरेर विद्यालय जानुपर्ने, छोरीको जात अर्काको घर जानेजात भनेर सानै उमेरमा बालविवाह गरि पठाउने, बलात्कार, जबरजस्ती करणी, मासिक श्राव हुँदा घर बाहिर बस्नुपर्ने जस्ता थुप्रै समस्याहरु ह्मम्रो समाजमा महिलाहरुले भोग्दै आएका छन् । महिलाहरुको शरिर माथि समेत पुरुषको अधिकारको रुपमा व्याख्या गरिन्छ । महिलाहरु कति बच्चा जन्माउने, परिवार नियोजन गर्ने कि नगर्ने जस्ता नितान्त व्यक्तिगत कुराहरुमा समेत निर्णय गर्ने अधिकार पाएका छैन् ।

देश बिकाशको मुल प्रबाहमा सबैलाई समेटेर लैजानको लागि बिभिन्न स्थानमा छरिएर

रहेका जनजातिका सामाजिक आर्थिक र साँस्कृतिक पक्षको अध्ययन गरि उनिहरुको सर्वाङ्गिन बिकास गर्न उचित कदम चाल्नु पर्ने आवश्यकता देखिन्छ । त्यस्मा पनि महिलाहरुको स्थिति धेरै नै नाजुक भएकोले उनिहरुको बारेमा अध्ययन गरिनु पर्दछ । प्राचिन काल देखिनै महिलाहरुको स्थिति धेरै नै दयनिय छ । पछिल्लो कालमा आएपछि नेपालका महिलाहरुको अवस्था केहि सुधारोन्मुख देखिएको छ र पुरुष सरह समान शिक्षा र अवसरको उपभोग गर्न केहि महिलाहरु सक्षम भएका छन् ।

बिश्वब्यापि चेतनाको प्रवाह नेपालमा पनि परेकोले समाजका प्रायजसो अङ्गमा महिला सहभागिता बढ्दो छ । विभिन्न संघसंस्थाले पनि महिला सशक्तिकरणका निमित्त बिभिन्न प्रकारका कार्यक्रमहरु तर्जुमा गरेका छन् । तर त्यो सिमित ठाउँ र सिमित समयका लागि मात्र भएका कारण त्यति सफल भएको देखिंदैन् ।
नेवार जातिका महिलाहरुको त्यति अध्ययन अनुसन्धान नदेखिएकाले यस अध्ययनले पनि केहि समस्या निराकरण गर्ने कार्यमा सहयोग पुऱ्याउन सकिन्छ भन्ने कुरामा मध्यनजर राखिएको छ । उपत्यका भित्र बसोबास गर्ने नेवारि जातिको आफ्नो छुट्टै मौलिक संस्कृति, रीतिरिवाज प्रथा, रहनसहन, मुल्य र मान्यताहरु छन् । समयले कोल्टो फेर्दै आज विश्व प्राविधिक युगमा प्रबेश गरिसकेको छ । तर सुन्दर रमणीय ऐतिहासिक नगरी भक्तपुर जिल्लाको चित्तपोल गा.वि.स वडा नं १ सिमल्टारमा बसोबास गर्ने नेवारी महिलाहरु भने आफ्नै मौलिक पेशा कृषिमा नै आफ्नो जिबन यापन गरिरहेका छन् । जुन काठमाण्डौ नजिकै अबस्थित छ ।

बिभिन्न सरकारी र गैरसरकारी संस्थाहरुले महिलाहरुको अवश्था सुधार्ने कार्यक्रमहरु संचालन गरेका छन् तर पनि उनिहरुको स्थितिमा खासै परिवर्तन भएको देख्न सकिएको छैन् । राज्यको विभिन्न क्षेत्रमा महिलाको पहुंच मा विस्तारै सुधार देखिए पनि सन्तोष लिने अवस्थामा छैन् । यसर्थ महिलाहरु किन पछाडि परेका छन्, किन उनिहरुको आवाजलाई सहज रुपमा लिन सकिएको छैन्, महिला आफैका आन्तरिक समस्याहरु के के छन्, आदिको बारेमा जबसम्म अध्ययन हुंदैन् तबसम्म उनिहरुसंग सम्बन्धित कार्यक्रमले कुनै प्रभावकारिता हासिल हुन सक्दैन । अतः वर्तमान अध्ययनले अध्ययन क्षेत्रका महिलाको बारेमा निम्नलिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गर्ने छ र साथै ति महिलाहरुको यो अध्ययन निम्न समस्यामा केन्द्रित छ ।

१. यस जातिका महिलाहरुको सामाजिक तथा सांस्कृतिक अवस्था कस्तो छ ?
२. यस जातिका महिलाहरुको आर्थिक अवस्था कस्तो छ ?
३. यस जातिका महिलाहरुको कुनै पनि निर्णय प्रक्रियामा भूमिका कस्तो छ ?

## १.३ अनुसन्धानको उद्देश्य

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै मौलिक उद्देश्य हुने गर्दछन् । यस शोधपत्रमा पनि केहि निश्चित समष्टिगत र निर्दिष्ट उद्देश्य राखिएको छ । यस अध्ययनमा विशिष्ट उद्देश्यहरु राखेर शोध कार्य तयार गरिएको छ । प्रस्तुत अध्ययनको मुल उद्देश्य नेवारी महिलाको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्थाको अध्ययन गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु निम्न छन् ।

१.नेवारी महिलाहरुको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गर्ने ।

२.उनीहरुको आर्थिक अवस्था माथि प्रकाश पार्नु ।

३.उनीहरुको घरायसी कार्यको भुमिकाको निर्णय प्रकृयामा प्रकाश पार्ने ।

## १.४ अध्ययनको महत्व

विश्कै परिवेशमा पनि कुल जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगटेको महिलाहरुको अवस्थामा सुधार आउनु राष्ट्रिय विकासका दृष्टिले पनि निकै महत्वपुर्ण देखिन्छ । नेपाली महिलाहरुले विगतमा के कस्ता चरणहरु पार गरिसकेका छन् भन्ने कुरा अध्ययनबाट प्रष्ट हुने र त्यसको ठोस जानकारी समेत उपलब्ध हुने हुनाले महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाका बारेमा जानकारी लिनका लागि पनि यो अध्ययन महत्वपुर्ण रहेकोछ । समाजलाई दुत गतिमा परिवर्तन गर्नका लागि महिलाहरुलाई चेतनसिल बनाउन आवश्यक पर्दछ । महिलाहरुलाई चेतनसिल बनाउनका लागि तिनीहरुको सामाजिक तथा आर्थिक अवस्थाका बारेमा जानकारी लिन पनि त्यतिनै आवश्यक छ । किनकी तिनीहरुको बारेमा प्रष्ट जानकारी भएमा मात्र सामाजिक परिवर्तनका लागि नारिहरुलाई पनि संवेदनशील तवरबाट अगाडी बढाउन सकिने हुन्छ । यसै सन्दर्भमा यो अध्ययनले यी समग्र पक्षलाई समेटी सामाजिक उन्नतिका लागि द्रुतगतिबाट परिवर्तन गराउनका लागि नविनतम जानकारी उपलब्ध गराउन सकिने भएकोले यस अध्ययनको त्यतिकै महत्व हुने छ । यसैगरी प्रस्तुत अध्ययनले यसै शिर्षकसंग संबन्धित अनुसन्धान गर्ने अनुसन्धानकर्ता, संघ संस्थाहरु, नितिनिर्माण कर्ताहरु सबैलाई सहयोग पुग्ने आशा गरिएको छ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनमा जम्मा सातवटा अध्यायहरु रहेका छन् । अध्याय एकमा परिचय अन्तरगत अध्ययनको पृष्टभूमि, समस्याको कठन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व र अध्ययनको संगठन रहेको छ । अध्याय तीनमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धन ढाँचा अध्ययन क्षेत्रको छनौट र त्यसको औचित्य, तथ्याङ्कको प्रकृति तथा श्रोत, अध्ययनको

समग्रता, तथ्याङ्क संकलनका विधिहरु, अन्तरवार्ता, अवलोकन, मुख्य जानकार व्यक्तिसंग अन्तरवार्ता, तथ्याङ्कको विश्लेषण तरिका र अध्ययनको सीमाहरु रहेको छ ।

अध्याय चार अन्तर्गत अध्ययन क्षेत्रको परिचयमा चित्तपोल गा.वि.स., चित्तपोल गा.वि.स.को जनसंख्या, जाती धर्म, भाष, कृषि उत्पादन, शैक्षिक संघ-संस्थाहरु पर्दछन् । अध्याय पाँचमा नेवारी महिलाको सामाजिक अवस्था उमेर, धर्म, शिक्षा, विवाह गर्दाको उमेर, विवाहको किसिम, विधवा विवाहमा दृष्टिकोण, अन्तर जातिय विवाह प्रतिको धारण, बच्चाको संख्या, परिवार नियोजन, स्थानिय निर्वाचनमा महिलाको अवस्था, राजनैतिक दलहरुका कार्यक्रममा सहभागीता, झै-झगडाको अवस्था, दाइजो प्रथाको प्रचलन, निर्णय प्रकृयामा भूमिका, भाषाको जानकारी, संघ-संस्थामा आवद्ध, दैनिक कार्यमा सहभागिता, श्रीमानको दैनिक कार्यमा सक्रिय सहयोग, धुम्रपान गर्नेको अवस्था, लैङ्गिक मान्यता, महिला हुनुमा गर्व, आमा खुवाउने औशि, बेल विवाह वा इहि र गुफा गर्ने बसिन्छ । अध्याय छ मा नेवार महिलाको आर्थिक अवस्था अन्तर्गत उत्तरदाताको पेशाको आधारमा वर्गिकरण, प्रत्यक्ष आम्दानी हुने क्षेत्रमा महिलाको संलग्नता, मासिक आम्दानीको अवस्था, आर्थिक कारोबारमा जिम्मेवारी, कमाएको पौसा राख्ने प्रचलन, महिलाको नाममा भएको सम्पतिको अवस्था, सम्पतिको अधिकारको बारेमा धारणा र महिला उत्थानका लागि गरिनु पर्ने कार्यहरु रहेको छ । अन्तमा अध्याय सातमा सारंश, निर्ष्कष र सुझावहरु रहेका छन् ।

# अध्याय - दुई
# सन्दर्भ साहित्यको पुनरावलोकन

नेपालमा समाजशास्त्रीय र मानवशास्त्रीय विषयको अध्ययन अनुसन्धान भने सन् १९५० भन्दा अघि भएको देखिँदैन । किनभने त्यतिबेलाको राजनितिक परिस्थिति एवं सत्ताको बागडोर लिएका व्यक्तिहरुले नेपालमा कुनैपनि बिषयको अध्ययन अनुसन्धानको लागि अनुमति दिएको थिएन । जुन सन् १९५० मा नेपालमा राजनितिक परिस्थितिले कोल्टो फेरेपछि मात्र विदेशी बिद्यार्थि आफ्नो शोधपत्र तयार गर्नको लागि सर्वप्रथम हाइमेन ड्फ भन्ने बिद्धानले सन् १९६४ मा खुम्बु क्षेत्रमा बसोबास गर्ने शेर्पा जातिका सामाजिक र आर्थिक पक्षमा अनुसन्धान गरेको थियो ।

कुनै पनि देशको विकास हुनका लागि त्यस देशको शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी लगायतका अन्य विकासका  पूर्वाधारहरुको विकास हुन आवश्यक हुन्छ । जसको लागि उचित शिक्षाको आवश्यकता पर्दछ । वास्तवमा कुनै पनि व्यक्ति विशेषमा उचित शिक्षा भएन भने उसले सामाजिक, सांस्कृतिक , आर्थिक र अन्य कुनै पक्षमा आफ्नो कुनै सहभागिता दिन कठिन पर्छ । देशको विकासका लागि महिलाको सामाजिक, आर्थिक विकास हुनमा शिक्षाले पनि महत्वपुर्ण भुमिका खेलेको हुन्छ । तर नेपालमा कुल जनसंख्याको जम्मा ४२.५% महिला र ६५.१% पुरुष साक्षारता रहेका छन् भने ९.२% स्कुल नजाने, ४५.९% प्राथमिक, ३०.३% माध्यामिक, ८.१% एस.एल.सी., ५.३% महिलाहरुको मात्र प्रमाण पत्र तह अध्ययन गर्ने छन् ।साथै स्वास्थ्य स्थितिलाई हेर्दा ६२.२% पुरुष र ६१.८% महिलाहरुको जन्मदर छ भने १०४.८% पुरुष र ११२.४% महिलाहरुको मृत्युदर रहेको छ । साथै परिवार नियोजनको प्रयोग गर्नेहरुमा ५०% पुगेको पाईन्छ । यसका अतिरिक्त ५.८% महिलाहरु मात्र चुनावमा निर्वाचित भएका छन् भने कुल जनसंख्याको केवल ७.८% ले मात्र नागरिक सेवा प्राप्त गार्न सकेका छन् । महिलाहरुको आधिकारिक निर्णय गर्ने अधिकार १४.९% मा मात्र रहेको छ । हरेक क्षेत्रमा महिलाहरुको विशेष महत्वपुर्ण भूमिका हुन्छ । त्यस मध्यमा महिलाहरुका २९.१% कृषि, ५.३% नोकरीमा, २.९% आफ्नै आर्थिक उद्यममा, ०.०४% नोकरीको खोजीमा, १९.८% विद्यार्थी थप कृयाकलापमा ६.१% र २८.६% महिलाहरुले घरायसी कार्यमा ७८% मलिाहरुले त अझ केहि पनि गर्दैनन् (यू.एन.डि.पि., २००२) ।

घरपरिवार चाहे धनी होस् या गरिब, घरेलु कार्यक्रमको जिम्मा महिलाहरु उपर नै हुन्छन् बालिनाली थन्काउनु, खाना पकाउनु, सरसफाई एवंम बालक र बृद्धहरुको हेरचाह गर्ने कार्यपनि महिलाहरुले गर्नु पर्दछ । जबकि पुरुषहरुले अत्यन्तै थोरै समय मात्र घरायसी काममा खर्च गर्दछन् । (आचार्य, १९८१) ।

ह्मम्रो समाजमा महिलाहरुको शिक्षाको कुनै क्षेत्रमा राम्रोसंग उपस्थित हुन सकेको देखिंदैन किनकी एउटी महिलाले आफ्नो घर बाहिर अर्थात वाह्य संसारमा काम गर्न सजिलो संग पाउदैनन, जसबाट उसले आर्जन गरेको सिप पनि विर्सदै जाने गर्दछन् । शिक्षालाई यहां कस्तो आधारमा लिईन्छ भने यदि महिला शिक्षित भइन भने उसले बढी पढे लेखेको पाउछे अथवा उसको बिबाह राम्रो घरमा हुन्छ । महिलाहरुले खेतको काम गरी पैसा आर्जन गर्नुको बदलामा पैसा र समय खर्च गरेर अनुपयोगी कार्य गर्नु बेकारको कुरा हो ।

अर्को तिर केटा तथा केटीहरुको शैक्षिक उपसिथितिलाई हेर्दा केटीहरु स्कुलमा पढ्न त जान्छन तर केटाहरुको दाँजो उनीहरुको उपस्थिति कम हुन्छ । यहि अनुपस्थितिको क्रम बढेर पछि पढाई नै छोडि दिन्छन् (आचार्य, १९८१) ।

महिला शिक्षाले जनसंख्या नियन्त्रण गर्नका लागि महत्वपूर्ण भुमिका खेल्दछ । प्रजनन दर नै महिलाहरुको शैक्षिक स्थितिमा भर पर्दछ । त्यसकारण जनसंख्या बृद्धि दर नियन्त्रणका लागि खासगरि ग्रामिण क्षेत्रमा शिक्षाको सुबिधा उपलब्ध पुऱ्याउन आवश्यक छ किनभने ग्रामिण महिलाहरुले शिक्षा पाए घर देखि बाहिरको काममा व्यस्त हुने हुनाले धेरै बच्चा पाउन र हुर्काउन समय नपुग्दा कम बच्चा जन्माउने गर्दछन् (न्यौपाने, १९९५) ।

शिक्षा एउटा दियो हो, जस्ले अन्धकारलाई हताइ उज्यालो बनाउदछ । एक पुरुषको शिक्षा त्यहि व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यसतो दियो हो, जसले सम्पुर्ण परिवारलाई नै उज्यालो बनाउदछ । त्यस कारण महिलाहरुको लागि शिक्षा नितान्त आवश्यक हुन्छ । महिलाहरुको शैक्षिक स्थितिलाई हेर्दा पहिलेको अशिक्षित समाजलाई शिक्षित बनाउनको लागि अहिले जोड दिनुपरेको तर अझैपनि शैक्षिक दर न्युन रहेको छ ( आचार्य, १९९७) ।

महिलाहरुको स्वास्थ्य स्थिति अति नै कमजोर रहेको छ भन्ने कुरा ग्रामिण महिलाहरुको समस्याहरुबाट पाईन्छ । देशको कुल जनसंख्याको आधा हिस्सा ओगटेको महिलाहरुको स्वास्थयमा ध्यान दिनु नै राष्ट्रको विकासमा टेवा पुग्नु हो । महिला स्वास्थ्य सम्बन्धि लुंईटेलको धारणा यस्तो रहेको छ की नेपाली महिलाहरुको स्वास्थ्य स्थिति दयनिय अवस्थामा गुज्रिएको छ । तिनीहरुलाई बाल्यकाल देखिनै भेदभाब गरिन्छ । सामाजिक कुरिति, कुप्रथा र मोटो कामको बोझले गर्दा महिलाहरु जीवन र मृत्यु बीच लडाईको संघर्षको रुपमा रहेको छ । यसरी समस्त महिलाहरुले विभिन्न रोगहरुवाट हुनुपरेको छ (लुईटेल, १९९२) ।

महिला र पुरुषको स्वास्थ्यमा भेदभाब गरी केटालाई बिरामी हुने वित्तिकै अस्पताल लगिन्छ भने केटीहरुलाइ तिनीहरुको स्वास्थ्य स्थिति नाजुक भएको अवस्थामा मात्र अस्पतालमा लगिन्छ (सुवेदी, १९९३)

नेपाली पूरुषहरुको तुलनामा महिलाको आर्थिक कियासिलताको कम उल्लेख गरेको पाइन्छ । यहाँ अरु बिकासोन्मुख देशहरुको तुलनामा सामान्यता आर्थिक रुपमा क्रियासिल रहने जनसंख्या अधिक पाइएको छ । नेपाल लगायत यि सबै देशहरुमा बाल मजदुर र बृद्धहरु पनि क्रियासिल रहनुपर्ने ब्याख्यातालाई साझा समस्याका रुपमा लिन सकिन्छ (आचार्य, १९८१) ।

महिलाहरुलाई स्वतन्त्रता पूर्वक विना भेदभाव आफ्नो तरिकाले स्वविवेकले घुमफिर गर्ने, लुगा लगाउने लगायत मानव अधिकारद्धारा प्रत्याभुति सम्पूर्ण अधिकारहरु सुरक्षित छन् । यौन दुर्व्यवहार सामान्य ब्यबहार होइन शक्तिसित सम्वन्धित यस्तो ब्यवहार लिङ्गभेदको ज्वलन्त उदाहरण हो । यसले महिलाहरुको मानसिक, शारिरीक र उनीहरुको संवेदनशिल भावनामाथि असर पुऱ्याउँछ । यसले गर्दा महिलाहरु आफ्नो कार्यक्षेत्र र कर्म भुमि छोड्न वाध्य हुन्छन् ( तुलाधर, २०५९ ) ।

महिलाकै नैसर्गीक, मौलिक हक हितको संरक्षण र सम्वर्धन गरी महिला शसक्तिकरण, लैङ्गीक समानता, सामाजिक न्याय र शक्ति कायम गरी देश विकासको मुल प्रवाहमा महिला सहभागितामा वृद्धि गर्नका लागि निष्पक्ष, स्वतन्त्र राष्ट्रिय महिला आयोगको स्थापना गर्न वान्छनिय भएकोले यो ऐन प्रस्तुत गरिएको छ (महिला आयोग, २०५९) ।

राष्ट्रिय अर्थ व्यवस्थामा महिलाहरुको योगदानलाई सिमित रुपमा मात्र स्वीकार गरिएको छ र उनीहरु मध्य बहुसंख्यकलाई श्रम शक्तिको तथ्याङ्कमा समावेश गरिएको छैन् । आर्थिक रुपले सकिय मानिएका महिलाहरु मध्य गैर कृषि पेशामा लागेका महिलाहरुको संख्या नगन्य छ र यस्तो अल्प संख्याको पनि अधिकांश महिला थोरै आम्दानी हुने निम्न स्तरको काममा केन्द्रित छन् र औद्योगिक वस्तु उत्पादन गर्ने कार्यहरुमा खासै दक्ष महिला कार्यरत छैनन् । व्यापारिक र सेवा सम्बन्धित क्षेत्रमा देखिएका व्यवस्थापकहरुको एउटा सानो प्रतिशत महिलाहरु मात्र छन् । “घरायसि कार्यका अतिरिक्त कृषि कार्यमा महिलाहरु पुरुष सरह नै काम गर्दछन् तर श्रमको लेखाजोखा गर्ने मापदण्ड नभएकाले राष्ट्रिय अर्थतन्त्रमा महिलाको योगदान देखिंदैन् ” यसका साथै अल्फेड डिसुजाले १९८० मा दक्षिण एशियाका सम्पुर्ण देशहरुमा महिलाहरुको कार्य ७०%देखि ८०% कृषि क्षेत्रमै हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । तुलनात्मक रुपले महिला र पुरुषको क्षेत्रको संलग्नतालाई हेर्दा महिलाहरुको ८५.१% योगदान छ भने पुरुषको ६६.८% मात्र योगदान रहेको छ ( केन्द्रिय तथ्याङ्क विभाग, २०५८ ) ।

महिलाहरुको दैनिक १८ घण्टा भन्दा बढी काममा बिताउनु पर्छ अझ भन्नु पर्दा अधिकांस महिलाहरुले उठे देखि नसुत्दा सम्म एक क्षण पनि फुर्सद पाएका हुदैनन् । उखान नै छ –“काम पनि छैन फुर्सद पनि छैन” के घरमा गरिने कामहरु काम होईनन् ? तुलनात्मक रुपमा नेपाली महिलाहरुको समाजमा महत्व र भूमिका पुरुषको भन्दा बढी महिलाहरुको हुन्छ

तर पनि हरेक क्षेत्रबाट गरिएका अपब्याख्या र व्यबहारका कारण महिलाहरुका हक, अधिकार, समानता र सेवाको पहुँच सहज बन्न सकेको छैन् अर्कोतिर महिलाहरु स्वयंले पनि आफ्नो ब्यक्तिगत चाहना र आवश्यकतालाई प्राथमिकता राख्न अझ सकेको छैनन् । नारि र पुरुष बिच एक अर्कामा पर्ने ब्यबहार र बुझाईमा आएको असमानताले वैयक्तिक, मानसिक, सामाजिक, आर्थिक र राजनीतिक रुपमा दमन, अन्याय र दोश्रो दर्जाको नागरिक जस्तो असमान व्यवहार नारीले भोग्नु परिरहेको छ । साथै हाम्रो मुलुकमा नारीले शिक्षा स्वास्थ्य लगाएतका अवसर प्राप्त गर्नुलाई पहिलो प्राथमिकता भित्र पार्न सकिएको छैन । महिलालाइ जवसम्म विकासको मूल प्रवाहमा समाहित गर्न सकिदैन तवसम्म देशले गति लिन सक्दैन, समानुपातिक तरिकाले महिलाहरुलाई निर्णय गर्ने क्षेत्रका अतिरिक्त विविध क्षेत्रमा प्रत्यक्ष संलग्न गराउनु पर्छ साथै महिलाहरुले सम्पत्ति, भूमि, आय आर्जनमा निर्णय र नियन्त्रण गर्न पाउनु पर्ने, आर्थिक क्षेत्रको निर्णायक तहमा लघु उद्योगको ऋृण बढाउनु पर्ने, सुचना र संचार क्षेत्रमा पहुंच हुनुका साथै नयाँ योजनाहरु ल्याउनु पर्ने र महिलाहरुको घरायसी कार्यको मूल्याङ्कन गर्नु पर्ने हुन्छ (शर्मा, २०६१) ।

५ देखि ९ वर्ष बीचका केटाहरुले दिनमा १.२४ घण्टा काम गर्दछन् भने केटीहरुले दिनको २.०५ घण्टा कार्य गर्दछन् । त्यसैगरी वयस्क पुरुषले गर्ने कार्यको ९२.२% उत्पादन युक्त काममा विताउन्छ भने महिलाहरुले ३८.८% मात्र उत्पादन मुलक काममा समय विताउने गर्दछन् । यसका अतिरिक्त १० देखि १४ वर्षको उमेरको केटाले प्रत्यक दिन ५ घण्टा काम गर्ने भने त्यहि उमेरका केटीहरुले प्रत्यक दिन ६ देखि ७ घण्टा काम गर्नु पर्दछ (आचार्य, १९९७) ।

त्यसैगरि निर्णय प्रक्रियामा रहेका महिलाहरुको सहभागिताले त्यस परिवारमा रहेका महिलाहरुको स्थानलाई बुझाउँछ । जति बढि पारिवारिक प्रक्रियामा महिलाहरुको सहभागिता हुन्छ त्यति नै राम्रो स्थान त्यस परिवारमा महिलाको रहेको हुन्छ । निर्णय गर्ने क्षमतामा पनि महिलाहरुको भुमिका एकदमै न्युन नै रहेको देखिन्छ किनकि महिलाहरु अशिक्षित र आय श्रोतको मामिलामा कम संलग्न छन् । नेपाल एउटा पुरुष प्रधान देश हो । जहां महिलाहरुलाई निर्णय गर्ने क्षमतामा कम अधिकार दिईएको छ । अझ महिलाहरुले श्रीमान, सासु र ससुरा नभएको वखतमा वा गाउँ घर छोडेर टाढा गएको अवस्थामा मात्र निर्णय गर्ने गर्दछन् । अनुत्पादनशिल काम जस्तो घर सफा सुघर राख्न, कुन वालि कहाँ लगाउने, मल कति हाल्ने जस्ता निर्णय हरु महिलाहरुले गर्ने गरेका हुन्छन् भने उत्पादनशिल काममा र नगद निर्णय गर्ने कार्यमा पुरुषहरुको बढी प्रशित निर्णयमा संलग्नता हुन्छ । त्यसकारण आर्थिक मामिलामा महिलाहरुको भन्दा पुरुषहरुको निर्णय प्रक्रियामा बढी योगदान हुन्छ ( शर्मा, २०५४) ।

महिला विरुद्ध हुने सबै खालका भेदभावहरुलाई उन्मूलन गर्ने महासन्धिमा नेपालको हस्ताक्षेर गरी प्रतिवद्धता व्यक्त गरेको छ । तैपनि भेदभाव जन्य कानुन, महिलाहरुलाई मानव

अधिकार र मौलिक स्वतन्त्रता, अल्पकालिन विशेष उपायहरु, लैङ्गीक भुमीका र रुढीवाद परम्परा, चेलिबेटी बेचबिखन र यौनशोषण, राजनितिक सहभागिता, अन्तराष्ट्रिय प्रतिनिधित्व, राष्ट्रियता शिक्षा, रोजगारी, स्वास्थ्य, आर्थिक तथा सामाजिक लाभहरु, ग्रामिण क्षेत्रमा महिला, कानूनको दृष्टिमा समानता र विवाह तथा पारिवारिक सम्बन्ध लगायतका विविध क्षेत्रमा उल्लेख भएतापनि वास्तवमा श्रमशक्तिको ६६% श्रम ओगटेको महिलाहरुले कानूनी रुपमा समानता पाएपनि ग्रमीण ईलाकामा यो अवस्था पाइदैन् । तैपनि यसको लागि नेपाल सरकारले विभिन्न लैङ्गिक नीतीहरु पारित गरेको छ । जसले आगामी दिनहरुमा समानता ल्याउनुको साथै विकासमा टेवा पुग्ने देखिन्छ । सामान्य तया कानुनको प्रयोगमा कुनैपनि नागरिक धर्म, लिङ्ग, वर्ण, जात जाति वा वैचारिक अवस्था र विश्वास ति मध्य कुनै कुराको आधारमा भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख भई महिला र पुरुष विचको कानून समान भएको उल्लेख भएपनि व्यवहारमा यसलाई लागु गर्न अफ्र बाँकि नै छ । मलिाहरु बिरुद्धको निरन्तर भेदभावको लागी कानूनी ब्यवस्था मात्र जिम्मेवार छैन भन्ने कुरा बिर्सनु हुंदैन । यसका लागी अशिक्षा, पितृसत्तात्मक मूल्यमा आधारित सामाजिक, साँस्कृतिक मूल्य-मान्यता, निर्णय तहमा महिलाहरुको कम प्रतिनिधित्व र गरीवी लगायत विभिन्न राजनितिक, सामाजिक र आर्थिक कारणहरु जिम्मेवार छन् । चेलिबेटि बेचविखन, यौन शोषण र दमन जस्ता समस्याहरु कमजोर तथा दयनिय आर्थिक अवस्थासँग गांसिएको छ । चेतना शक्तिको कमी महिला र बाल बालिकाहरुका लागि धकेल्ने तत्व भएका छन् (महिला विकास विभाग, २०५९) ।

नेपालका महिलाहरुले प्रयाप्त मात्रामा आफ्नो हक र अधिकारलाई प्रयोग गर्नको लागि विभिन्न बाधा अड्चन नआएका होईनन् तैपनि महिलाहरुले चुनावका माध्यमबाट निर्वाचित भएतापनि उनिहरुमा उपयुक्त शिक्षा, निश्चित सिमित वित्तिय श्रोत, पुरुष तथा श्रीमान्बाट सम्मानजनक व्यवहार वा उत्साहजनक व्यवहार नहुंदा र पुरुषमा धेरै शक्ति हुंदा महिलाहरुले कार्य गर्ने सुअवसर पाएतापनि बजेटिङ्ग गर्ने शक्ति र आफ्नो जिम्मेवारीलाई बुझ्न तथा अंगिकार गर्न नसक्दा समस्याहरु समस्यै भईरहेको कुरा पाईन्छ भन्ने कुरा Nomineted and elected महिलाहरुको अध्ययनबाट प्रष्ट हुन्छ (यू.एन.डि.पि, १९९८) ।

नेपाली महिलाहरुको समाजसास्त्रिय अध्ययनमा Bennt (1983) का अनुसार ग्रमीण ब्राम्हण जातिका महिलाहरुमा कसरी छोरी Sacred र विवाहित महिला Dangerous हुन्छ भन्ने कुरा उल्लेख छ । त्यस्तः Kathryn March (1983) का अनुसार तामाङ समाजमा महिला र पुरुषको काम मध्य कसको कामलाई बढि महत्व दिन्छ भन्ने देखाएको छ त्यसरी नै एक अर्को अध्ययनमा Tradition and change in legal status of Nepalese women ( By Lynn Bennett) मा महिलाहरुको तत्कालीन कानुनी हैसियत ब्याख्या गर्ने साथै महिलाहरुको कानुनी असमानताहरु देखाएको छ ।

नेपालमा महिलाको बिषयमा अध्ययन अनुसन्धान नभएका होइनन्, प्रशस्त भएका छन् । बेइजिङ्ग सम्मेलन लगत्तै महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय समेत गठन भई कृयाशिल छ । गैर सरकारी क्षेत्रबाट पनि महिला शसक्तिकरणका लागि प्रशस्त गतिविधि संचालन भैरहेका छन् । महिलालाई आर्थिक रुपमा सवल बनाउने उद्देश्यले संचालित बचत, ऋण समुहबाट महिलाहरुमा थप कार्य क्षेत्र थपिएको पनि पाईएको छ । सन् १९८० को दशकमा लैङ्गिक र बिकास (Gender and Development) को अवधारणा आएको यति धेरै लामो समय भैसक्दा पनि एक अध्ययनवाट के कुरा सार्वजनिक गरिएको छ भने आज पनि सुदुर पशिचमाञ्चल र मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा विकासमा महिला (Women and Development) अन्तर्गत र अन्य पूर्वाञ्चल, मध्यमाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा लैङ्गिक र विकासका आधारमा महिला सशक्तिकरणमा जोड दिनुपर्ने आवश्यकता देखाईएको छ । महिला सशक्तिकरणको कुरा गर्दा Pradeep Shah ले गर्नु भएको एक अध्ययनबाट के कुरा सार्वजनिक गरिएको छ भने लैङ्गिक सम्बन्धि ज्ञान सरकारी क्षेत्रमा १५% र गैर सरकारी संस्थाहरुमा ९९% र व्यवहारमा प्रतिशत मात्र कार्य क्षेत्रमा प्रयोग भएको तथ्याङ्क देखाइएको छ ।

राष्ट्रिय कार्ययोजना २०६० CEDAW का अनुसार दक्षिण एशियाका अन्य मुलुकको तुलनामा नेपालको साक्षरता दर सबै भन्दा कम छ प्रत्यक पाँच जना वयस्क महिलाहरु मध्य एक जना साक्षर छन् । पिछडिएको ग्रामिण क्षेत्रमा छोरी भनेको आखिर अरुको घरमा जाने जात न त हो भनेर छोरीको लागि शिक्षालाई प्राथमिकता दिएको पाईदैन । साक्षरताको लागि स्कुल भर्ना संख्याको हिसाबले लैङ्गिक असमानता दक्षिण एशियाली क्षेत्रमै सर्वाधिक छ । बलियो कानुनी प्रावधान भएपनि केटीहरुको विवाह सानै उमेरमा हुने गरेको छ । महिलाहरुको अनुत्पादनशील काममा बढी संलग्नता रहेको छ भने पुरुषहरुको उत्पादनशील कार्यमा संलग्नता पाइन्छ । त्यसैकारणले आर्थिक मामिलामा महिलाहरुको भन्दा पुरुषहरुको निर्णय प्रक्रियामा बढी संलग्नता छ । नेपाल सरकारले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना गरेतापनि वास्तविक महिला माथिको सम्पत्तिको हकको लागी कानूनी प्रावधान तयार हुन सकेको छैन । पैत्रिक सम्पत्ति माथिको अधिकारमा पनि छोरालाइ नै अंशियारको रुपमा गर्भ देखि नै रहेको पाइन्छ भने छोरीलाई यस्तो हकवाट बन्चित गरिएको छ (महिला तथा बालबालिका मन्त्रालय, २०६०) महिला सम्बन्धि विभिन्न प्रकारका अध्ययन भएको पाइएता पनि नेपाली महिलाहरुको साझा समस्या पहिचान गरि समाधानका उपाय खोजिएको पाइदैन । प्रस्तुत अध्ययनले यस चित्तपोल गा.वि.स का नेवारी जातिका महिलाको सामाजिक, आर्थिक अवस्थाको वारेमा प्रकाश पार्ने प्रयाश गर्दछ ।

# अध्याय - तीन
# अनुसन्धान पद्धति

कुनै पनि घटना वा विषयवस्तुसँग सम्वन्धित तथ्यहरुको वारेमा क्रमवद्ध एवं व्यवस्थित तरीकावाट अपनाइने अनुसन्धानको प्रकृया नै अनुसन्धान पद्धति हो । यस अध्यायमा अनुसन्धानको ढाँचा, अध्ययन क्षेत्रको छनौट , तथ्याङ्कको श्रोत, तथ्याङ्कको प्रस्तुतिकरण एवं विश्लेषण र अध्ययनका सिमाहरुको सम्वन्धमा निम्नानुसार चर्चा गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

यो अनुसन्धान अन्वेषणात्मक एवं वर्णनात्मक ढाँचामा रहेको छ । यस अध्ययनमा नेवारी समाजमा महिला प्रति समर्पित चाडहरु, भाषिक जानकारी, दाइजो प्रथाको प्रचलन, घर परिवारमा लैङ्गिकभुमिका तथा संघ संस्था प्रतिको आवद्धता आदी वर्णनात्मक ढाँचामा रहेका छन् भने विवाहको किसिम, घरायसी झै–झगडा, छोरा/छोरी प्रतिको धारणा, आर्थिक कारोबारमा जिम्मेवरी आदी अन्वेषणात्मक ढाँचामा रहेको छ ।

## ३.२ अनुसन्धान क्षेत्रको छनौट

भक्तपुर जिल्लाको चित्तपोल गा.वि.स वडा.नं.१ सिमल्टारलाई अध्ययनको लागि छनौट गरिएको थियो । यस अध्ययनको अनुसन्धानकर्ता स्वयं उक्त गा.वि.स निवासी भएको हुनाले साथै महिलाको सामाजिक तथा आर्थिक अवस्था र त्यस स्थानको बारेमा पूर्व केही जानकारी भएको हुँदा यस विषय र स्थानलाइ छनौट गरिएको हो र यहांका महिलाहरुको अहीले सम्म कुनै अध्ययन नगरिएकोले पनि उक्त क्षेत्रलाई छनौट गरिएको थियो ।

## ३.३ तथ्याङ्कको प्रकृति तथा श्रोत

यस अध्ययनमा प्राथमिक तथा द्धितिय तथ्याङ्कहरु उपयोग गरिएका छन् । तथ्याङ्कको प्राथमिक श्रोतमा अन्तर वार्ता, अवलोकन र जानकार व्यक्तिसंगको अन्तरवार्तारहेको छ भने द्धितिय तथ्याङ्का श्रोतहरुमा महिलासंग सम्बन्धित पूर्व प्रकाशित तथा अप्रकाशित शोध ग्रन्थहरु तथा लेख रचनाहरु, विभिन्न सम्वन्धित लेख रचनाहरु रहेको छ ।

## ३.४ अध्ययनको समग्रता

अध्ययन क्षेत्रमा कुल ३० विवाहित महिला अध्ययनको समग्रता हो । अध्ययन गरिंदा प्रत्येक परिवारबाट एक जना महिलालाई उत्तरदाताको रुपमा छनौट गरिएको थियो । जनगणना विधिबाट तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलनका विधिहरु

अध्ययनको उद्धेश्य परिपुर्तिका निम्ति अन्तरवार्ता अनुसुची, अवलोकन, वैयक्तिक अध्ययन, मुख्य जानकार व्यक्तिसँगको अन्तरवार्ता जस्ता प्रविधिहरुको उपयोग गरिएको छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता

अध्ययनका निमित्त आवश्यक तथ्याङ्कहरु जस्तै महिलाको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, जग्गाको स्वामित्व, निर्णय प्रकृयामा महिलाको भुमिका आदीको बारेमा प्रश्नावलीको सहायताद्धारा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन

तथ्याङ्कको सङ्कलनको लागि महत्वपुर्ण विधि अवलोकन पनि भएकोले महिलाहरुको अवश्था बुझ्नका लागी उनीहरुको कृयाकलापको असहभागी अवलोकन पनि गरिएकोछ । महिलाहरुको स्वास्थ लवाई खवाई, व्यवहार, घरको अवस्था आदि जस्ता तथ्याङ्कको संकलन गर्न यो विधिको प्रयोग गरिएकोछ । साथै अध्ययनका कममा दैनिक गतिविधिमा महिलाहरुको सहभागिता, घरभित्र र बाहिरका कामहरुमा महिला पुरुषको कति सहभागिता हुन्छ । घर भित्रको सानो निर्णय देखि सामाजिक निर्णयहरु समेतमा क-कस्को सहभागी हुन्छ । महिलाको शिक्षा स्वास्थ्य आदीको अवस्थाको बारेमा अवलोकन गरिएको छ।

### ३.५.३ मुख्य जानकारीकर्तासंग अन्तरवार्ता

अध्ययन क्षेत्रका महिलाहरुको बारेमा संगै रहेर नजिक बाट बुझेका बृद्ध महिला तथा केही विशिष्ट पुरुष तथा अन्य जानकार, पाका व्यक्तिकरुसंग अन्तरवार्ता लिई यस क्षेत्रका महिलाहरुको समग्र परिस्थितिका बारेमा विस्तृत जानकारी लिइएको छ । स्थानिय महिलाहरुको पहिलाको र अहिलेको उनिहरुको रहनसहन, ब्यबहारको बारेमा दुइजना संग अन्तरवार्ता लिइएको थियो ।

### ३.५.४ तथ्याङ्क विश्लेषण तरिका

अनुसन्धानको उद्देश्य प्राप्तिका लागि संकलित तथ्याङ्कहरु आफैमा अनुत्तरित हुन्छन् । जसलाई अर्थपूर्ण बनाउनको लागी संकलित तथ्याङ्कलाई विश्लेषन गर्नु पर्दछ । अनुसन्धान कार्यको अध्ययन र परिक्षण सजिलो होस् भनेर तथ्याङ्कलाई श्रेणीबद्ध, व्यवस्थित रुपमा कुशलता पूर्वक मिलाउने र संक्षेपिकरण गर्ने काम तथ्याङ्क संकलन अन्तर्गत पर्दछ । तथ्याङ्क विश्लेषण प्रकृयामा सम्पादन, वर्गीकरण तथा टेवुलेसन कार्यहरु पर्दछन् । जसमा संकलित

कोरा तथ्याङ्कहरुमा रहेका गल्ती र भुलहरु जांच्ने तथा सम्भव भएसम्म ठीक पार्नको लागी कार्य क्षेत्र सम्पादन गर्नुपर्ने  छुट्याइन्छ । समान र असमान प्रकृति, विशेषता, वर्ग, जात, बर्ण, स्थान आदिको मिश्रित तथ्याङ्कलाई बुझिनेगरी श्रेणी बद्ध रुपमा बर्गीकरण गरेर खास आकार दिने काम गरी निष्कर्ष निकाल्न सजिलो बनाएको छ । गुणात्मक तथ्याङ्कलाई छुट्याएर अलग राखेर विश्लेषण गर्न सकिन्न जस्तै खराब आचरण, साक्षरता, रुप, गुण आदि । त्यसलाई तुलनात्मक तरीकावाट समान प्रकृति भएकाहरुलाई एकातर्फ वर्गिकरण गरि संभव भएसम्म प्रतिशतको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ भने संख्यात्मक तथ्याङ्कलाई तालिकामा राखी प्रतिशतमा ब्याख्या गरिएको छ ।

### ३.५.५ अध्ययनको सिमा

एउटा सोधकर्ताले कुनै निश्चित उद्देश्य राखी गरेको अध्ययनबाट प्राप्त भएका उपलब्धिहरु अर्को शोधकर्तामा पूर्ण रुपमा मिल्छ भन्ने हुँदैन् । सबै अध्ययनका निश्चित सिमाहरु हुन्छन् । यस अध्ययनका पनि निम्न सिमाहरु रहेका छन् ।

क) भक्तपुर जिल्लामा अवस्थित यस चित्तपोल गा.वि.स वडा नं १ को महिलाहरुको अध्ययन गरिएको हुनाले यस अध्ययन बाट प्राप्त भएका उपलब्धि तथा मान्यताहरु अन्य ठाउँका महिलाहरुको स्थितिसंग नमिल्न पनि सक्छ ।

ख) यस अध्ययनमा यस ठाउँका महिलाहरुको आर्थिक, सामाजिक, राजनैतिक, कानुनी, जस्ता कुराहरुको अध्ययन गरी विश्लेषण गरिने छ ।

ग) यस चित्तपोल गा.वि.स वडा नं १, सिमल्टारमा जम्मा ३० घरधुरीमा प्रत्येक घरका १/१ जना महिलासंग मात्र प्रश्नावली सोधिने छ । यस अध्ययनको समग्रता आकार आफैंमा सानो संख्यामा रहेको छ ।

घ) यस अध्ययन समाजसास्त्र/मानवसास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपुर्तिका लागि गरिएको भएता पनि अरु नेवारी महिलाहरुको सम्बन्धमा अध्ययन गर्न उपयोगी हुनेछ ।

ङ) आंशिक आवश्यकता परिपुर्तिका लागि तयार पारिएको स्नातकोत्तर तहको शोध पत्रमा कम समय, कम खर्च साथै कम जनशक्तिको कारण सिमित क्षेत्रलाई मात्र समेटेर तयार पारिएको छ ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ चित्तपोल गा.वि.स को सामान्य परिचय

भक्तपुर जिल्लाको गा.वि.स.हरुमा चित्तपोल गा.वि.स  पनि एक अर्ध सहरी गा.वि.स हो । किवंदन्ति अनुसार तत्कालिन समयमा सल्पा खोलामा माछा मार्न आएको माझीको मृत्य भएकोले निजको श्रीमति सती जांदा यस क्षेत्रका ठुलो ओहोदामा कोही पनि नपुगुन र यस खोलामा माछा समेत नपाइयोस् भनी सराप दिइ सती गएको र सतीको चित्त पोलिएको ठाउं भएकोले सोही शब्द अपभ्रंस भई चित्तपोल नाम रहन गएको पाइन्छ ।

भक्तपुर जिल्लाको सदरमुकामबाट पुर्वमा अवस्थिति यस गा.वि.स को कुल क्षेत्रफल ८.४३ वर्ग कि.मि रहेको छ । यस गा.वि.स को पूर्वमा काभ्रेपलान्चोक जिल्लाको नासिका स्थान सांगा गा.वि.स. पशिचममा भक्तपुर नगर पालिका उत्तरमा ताथलि गा.वि.स र दक्षिणमा नङखेल गा.वि.स पर्दछ । यस गा.वि.स को हावापानी समशितोष्ण प्रकारको छ । यहांको तापक्रम अधिकतम २० डिग्री देखि ३२ डिग्री सेल्सियस सम्म र न्युनतम ० डिग्री देखि –२ डिग्री सेल्सियस सम्म रहेको छ ।

## ४.२ चित्तपोल गा.वि.स को जनसंख्या

चित्तपोल गा.वि.स लाई वडागत र घरधुरिको आधारमा पनि वर्गिकरण गरिएको  छ । यस चित्तपोल गा.वि.स मा जम्मा ५,१९७ जनसंख्या रहेकोमा पुरुषको संख्या २,५८७ अर्थात ४९.७८ प्रतिशत र महिलाको संख्या २,६१० अर्थात ५०.२२ प्रतिशत रहेको छ, जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

वडागत आधारमा चित्तपोल गा.वि.स को जनसंख्या विवरण

| वडा | घरधुरी | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ९७ | ३०४ | २८० | ५८४ | ११.२४ |
| २ | ११८ | ३०६ | ३१८ | ६२४ | १२.०० |
| ३ | ९७ | २२९ | २५९ | ४८८ | ९.३९ |
| ४ | ९६ | २६८ | २७३ | ५४१ | १०.४१ |
| ५ | १३८ | ३४० | ३३९ | ६७९ | १३.०७ |
| ६ | ११० | २९५ | ३०९ | ६०४ | ११.६२ |
| ७ | ८९ | २८८ | २६६ | ५५४ | १०.६६ |
| ८ | ११४ | ३३६ | ३४६ | ६८२ | १३.१२ |
| ९ | ७६ | २२१ | २२० | ४४१ | ८.४९ |
| जम्मा | ९३५ | २,५८७ | २,६१० | ५,१९७ | १००.०० |

*श्रोत : चित्तपोल गा.वि.स , २०६३*

माथिको तालिका अनुसार वडा नं ८ मा सबैभन्दा बढी जनसंख्या १३.१२ प्रतिशत रहेको देखिन्छ भने वडा नं ९मा सबभन्दा न्युन जनसंख्या ८.४९ प्रतिशत रहेको देखिन्छ ।

यस अध्ययनमा वडा भित्र बसोबास गरिरहेको अन्य जात/जातिहरुको समेत जातिगत आधारमा जनसंख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## ४.३ जात/ जाति

अध्ययन क्षेत्रमा धेरै प्रकारका जात/जातिहरुको बसोबास रहेको छ । अध्ययन क्षेत्रमा बसोबास गर्ने जात/जातिहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

जात अनुसार चित्तपोल गा.वि.सको वडागत घरधुरी विवरण

| वडा | ब्राम्हण | क्षेत्री | नेवार | दलित | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ० | ४४ | ३० | ४ | ५ | ८३ |
| २ | ६ | ७५ | ३३ | ० | ४ | ११८ |
| ३ | २ | १६ | ७९ | ० | ० | ९७ |
| ४ | ० | ६७ | २७ | २ | ० | ९६ |
| ५ | ० | ५५ | ४८ | ३४ | १ | १३८ |
| ६ | ० | ९१ | ० | ६ | १३ | ११० |
| ७ | १५ | ६४ | २ | ५ | ३ | ८९ |
| ८ | ० | ११० | ३ | १ | ० | ११४ |
| ९ | ० | ६७ | ० | ४ | ५ | ७६ |
| जम्मा | २३ | ५९४ | २२२ | ५६ | ३१ | ९३५ |

*श्रोत : चित्तपोल गा.वि.स, २०६३*

यस गा.वि.स मा ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, दलित र अन्य जातिहरुको बसोबास रहेको छ । यी मध्ये सबैभन्दा बढी ५८.२५ प्रतिशत क्षेत्रीको बसोबास रहेको पाइन्छ भने बाँकी जातिहरुमा २५.२४ प्रतिशत नेवार, २.२६ प्रतिशत ब्राम्हण, ५.९९ प्रतिशत दलित ( दमाई, कामी, सार्की) र ३.३२ प्रतिशत अन्य जातिहरुको बसोबास रहेको पाईन्छ ।

## ४.४ भाषा

यस चित्तपोल गा.वि.स मा प्रायजसो क्षेत्री जातिको बसोबास बढी भएकोले नेपाली भाषाको प्रयोग बढी भएको देखीन्छ । साथै सबै जातिको आ-आफनै भाषा भएता पनि एक आपसमा कुराकानी गर्दा भने नेपाली भाषा नै प्रयोग गर्छन तर कतिपय बृद्ध नेवारहरु नेपाली भाषा नबुझ्ने र बोल्न पनि नजान्ने पाइन्छ ।

**तालिका नं. ३**

मातृभाषा अनुसार वडागत घर धुरी विवरण

| वडा | नेपाली | नेवारी | जम्मा |
|---|---|---|---|
| १ | ५७ | ३० | ९७ |
| २ | ९२ | २६ | ११८ |
| ३ | १८ | ७९ | ९७ |
| ४ | ६९ | २७ | ९६ |
| ५ | ९० | ४८ | १३८ |
| ६ | ११० | ० | ११० |
| ७ | ८७ | २ | ८९ |
| ८ | ११४ | ० | ११४ |
| ९ | ७६ | ० | ७६ |
| जम्मा | ७६२।७१४ | १७३।२१२ | ९३५ |

*श्रोत : चित्तपोल गा.वि.स ,२०६३*

यस गा.वि.स मा रहेका घर धुरीहरु मध्य ८१.५० प्रतिशत घरधुरीले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्छन् भने १८.५० प्रतिशत घरधुरीले नेवारी भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ ।

## ४.५ धर्म

यस गा.वि.स मा विभिन्न धर्मावलम्वीहरु बसोबास गरेको पाइन्छ । तर हिन्दु धर्म मान्नेहरुको बाहूल्यता नै बढी देखिन्छ ।

**तलिका नं.४**

धर्म अनुसार वडागत घरधुरी विवरण

| वडा | हिन्दु | अन्य | जम्मा |
|---|---|---|---|
| १ | ९७ | ० | ९७ |
| २ | ११८ | ० | ११८ |
| ३ | ९७ | ० | ९७ |
| ४ | ९६ | ० | ९६ |
| ५ | १२७ | ११ | १३८ |
| ६ | १०९ | १ | ११० |
| ७ | ८९ | ० | ८९ |
| ८ | ११४ | ० | ११४ |
| ९ | ७६ | ० | ७६ |
| जम्मा | ९२३ | १२ | ९३५ |

*श्रोतः चित्तपोल गा.वि.स,२०६३*

यस गा.वि.स मा हिन्दु धर्मावलम्बीहरुको अधिक बसोबास रहेको छ । जसमा ९८.७२ प्रतिशत हिन्दु धर्मावलम्बीहरु छन भने १.२८ प्रतिशत अन्य धर्माबलम्बीहरु रहेका छन् । यस गा.वि.स मा बौद्ध धर्माबलम्वीहरुको बसोबास नभएको पाईन्छ ।

## ४.६ पेशा

यस गा.वि.स का बासिन्दाहरु मुख्य गरी कृषिमा आश्रित रहेका छन् । तर पनि समयको परिवर्तन संगै विस्तारै कृषि पेशाको साथै अन्य पेशामा पनि संलग्न भएका देखिन्छ ।

<u>तालिका नं. ५</u>

मुख्य पेशा अनुसार वडागत घरधुरी विवरण

| वडा | कृषि | ब्यापार | सरकारी सेवा | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ४७ | १० | ३२ | ८ | ९७ |
| २ | ५५ | ७ | ४५ | ११ | ११८ |
| ३ | ५९ | २ | २८ | ८ | ९७ |
| ४ | ५१ | ० | ४५ | ० | ९६ |
| ५ | ५७ | २ | ३१ | ४८ | १३८ |
| ६ | ६५ | ४ | ३६ | ५ | ११० |
| ७ | ४२ | ४ | ३२ | ११ | ८९ |
| ८ | ७४ | ३ | ३४ | ३ | ११४ |
| ९ | ५३ | २ | १३ | ८ | ७६ |
| जम्मा | ५०३ | ३४ | २९६ | १०२ | ९३५ |

*श्रोतः चित्तपोल गा.वि.स को विवरण*

यस गा.वि.सका बासिन्दाहरु कृषि, ब्यापार, सरकारी सेवा र अन्य पेशामा संलग्न छन् । कृषि पेशामा सबैभन्दा बढी ५३.८ प्रतिशत घरधुरी संलग्न रहेका छन् भने ब्यापारमा ३.६४ प्रतिशत, सरकारी सेवामा ३१.६६ प्रतिशत र अन्य पेशामा १०.९० प्रतिशत संलग्न रहेको छन् ।

## ४.७ कृषि उत्पादन

यस गा.वि.स का अत्यधिक जनताहरु कृषिमा आश्रित रहेका छन् । कृषि जन्य उत्पादनलाई अन्नवालिहरु, फलपलुल, पशुपंक्षी, तरकारी, दलहन तथा तेलहन बालीहरुमा वर्गीकरण गरिएको छ ।

अन्नबाली : धान, मकै, गहुँ र थोरै मात्रामा कोदो, फापर ।

फलफुल : सुन्तला, कागती, अम्बा, नासपाती, भोगटे, लप्सी, आरु, आरुबखडा, ज्यामिर।

पशुपंक्षी : गाई, भैंसी, बाख्रा, भेडा, कुखुरा, हाँस ।

तरकारी : आलु , प्याज, लसुन, बेसार, खुर्सानी, सागका प्रकारहरु, काउली, गोलभेंडा बन्दा, अन्य मौसम अनुसार ।

दलहन : भट्मास, सीमी, बोडी, बकुल्ला, मास, मस्याङ्ग ।

तेलहन : तोरी, रायो, आलस, मुला, भ्रुसे, तिल ।

## ४.८ शैक्षिक संघ संस्थाहरु

यस चित्तपोल गा.वि.समा शैक्षिक संघ संस्थाहरुमा ७ वटा सरकारी विद्यालयहरु र ४ वटा निजि विद्यालयहरु रहेका छन् ।

सरकारी विद्यालय : वालशिक्षा सदन नि.मा.वि , भगवती नि.मा.वि, महाकालेश्वर प्रा.वि, देवि प्रा.वि, देउजा गाउँ प्रा.वि, नव ज्योति प्रा.वि, दह गाउँ प्रा.वि

निजि विद्यालय : ग्लोबल ऐकेडेमी इङ्गलीस स्कुल, बिमल मेमोरियल स्कुल, जोरपाटी इङ्गलिस स्कुल,

## अध्याय - पाँच

# नेवार महिलाको सामाजिक अवस्था

### ५.१ उमेर

उत्तरदाताको उमेरको आधारमा वर्गिकरण गर्न २०-३०, ३१-४०, ४१-५०, ५१-६० र ६० वर्ष भन्दा माथि गरि जम्मा ५ वर्गमा वर्गिकरण गरिएको छ । उत्तरदाताको उमेरको आधारमा गरिएको वर्गीकरण लाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका.नं.७**

उमेरको आधारमा उत्तरदाताको विवरण

| क.सं | उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २०-३० | १० | ३३.३४ |
| २ | ३१-४० | ८ | २६.०० |
| ३ | ४१-५० | ४ | १३.३३ |
| ४ | ५१-६० | ७ | २३.३ |
| ५ | ६० भन्दा माथि | २ | ६.६६ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षेण, २०६९*

माथिको तालिका अनुसार २० देखि ३० बर्षको उमेर समुहमा ३३.३४ प्रतिशत, ३१ देखी ४० बर्ष उमेर समुहमा २६ प्रतिशत, ४१ देखी ५० बर्षको उमेर समुहमा १३.३३ प्रतिशत , ५१ देखि ६० बर्षको उमेर समुहमा २३.३ प्रतिशत र ६० भन्दा माथिको उमेर समुहमा ६ प्रतिशत उत्तरदाता रहेका छन् । अध्ययनको कममा संलग्न रहेको उत्तरदाताहरुको उमेर समुहमा २० देखि ३० बर्षका महिलाहरु ३३.३४ प्रतिशत अर्थात सबैभन्दा बढी पाइयो भने सब भन्दा कम ६० बर्ष भन्दा माथिका उत्तरदाताहरु रहेका देखिन्छन् २० बर्ष भन्दा मुनिका विवाहित महिलाहरु उत्तरदाताको रुपमा पाईएन् । सबैभन्दा बढी उत्तरदाता ६५ बर्ष रहेको पाइयो ।

## ५.२ धर्म

अध्ययन गरिएको उत्तरदाताहरुलाई धर्मको आधारमा पनि वर्गिकरण गरिएको छ । धर्मको आधारमा गरिएको वर्गिकरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका.नं. ८**

धर्मको आधारमा उत्तरदाताको विवरण

| क.सं | धर्म | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दु | २९ | ९६.६६ |
| २ | अन्य | १ | ३.३३ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार हिन्दु धर्ममा आश्रित उत्तरदाताहरु ९६.६६ प्रतिशत र बौद्ध धर्ममा आश्रित उत्तरदाताहरु ३.३३ प्रतिशत रहेको देखिन्छ ।

## ५.३ शिक्षा

अध्ययन गरिएको उत्तरदाताहरुलाई शिक्षाको आधारमा पनि वर्गिकरण गरिएको छ । शिक्षाको आधारमा गरिएको वर्गिकरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं .९**

शिक्षाको आधारमा उत्तरदाताको विवरण

| क.सं | शिक्षा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १७ | ५६.६६ |
| २ | साक्षर | ७ | २३.३४ |
| ३ | माध्यामिक | ४ | १३.३३ |
| ४ | उच्च शिक्षा | २ | ६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार ५६.६६ प्रतिशत, माध्यामिक १३.३३ प्रतिशत र उच्च शिक्षामा ६.६७ प्रतिशत रहेको देखिन्छ । यस्को प्रमुख कारण भनेको पितृसत्तात्मक समाज भएको हुंदा छोरीलाई पढाउनु हुंदैन भन्ने धारणा भएको देखिन्छ ।

## ५.४ बिवाह गर्दाको उमेर

ढिलो विबाह जनसंख्या नियन्त्रणको एक माध्यम हो । यसरी नै ढिलो विवाह गर्दा जनसंख्या उत्पादनमा कमि आउनको साथै सामाजिक तथा आर्थिक अवस्था पनि मजबुत हुने गर्दछ ।

मुलुकी ऐन २०२० को एघारौं शंसोधन अनुसार कानुनी रुपले बाबु आमाको संरक्षकत्वमा केटीको उमेर अठार र केटाकेटिको मन्जुरीले २० बर्ष भएपछि मात्र बिबाह गर्न पाउने प्रावधान रहेको छ । यसरी नै चिकित्सा दर्शन अनुसार सन्तान उत्पादनको लागि केटीको उमेर २० बर्ष र केटाको उमेर २५ बर्ष नाघेको हुनुपर्छ तर नेपालमा कानुनी र चिकित्सा दर्सनलाई त्यति व्यवहारमा ल्याएको भेटिंदैन । महिलाको विवाह गर्दाको उमेर उनिहरुले प्राप्त गरेको शिक्षा, आर्थिक अवश्था र रोजगारीको अवश्था संग सम्बन्धित रहेको हुन्छ ।

यी विविध पक्षहरु संगै मानिसहरुले विवाह ढिलो वा चांडो गर्ने गर्छ । अध्ययनमा सबै उत्तरदाता महिलाहरु विवाहित भएकाले उनिहरुको विवाह गर्दाको उमेरलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका.नं. १०**

विवाह गर्दाको उमेरको आधारमा उत्तरदाताको विवरण

| क.सं | बर्ष | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १६–२० वर्ष | १९ | ६३.३४ |
| २ | २१–२५ वर्ष | ८ | २६.६७ |
| ३ | २५ वर्ष भन्दा माथि | ३ | १०.०० |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

मथिको तालिका अनुसार १६ देखि २० वर्ष उमेरमा विवाह गर्ने ६३.३४ प्रतिशत, २१ देखि २५ वर्षमा विवाह गर्ने २६.६७ प्रतिशत र २५ वर्ष भन्दा माथिको उमेरमा विवाह गर्ने १० प्रतिशत रहेको देखिन्छ । अध्ययन क्षेत्रका उत्तरदाताहरुमा खासै बालबिवाह भएको देखिंदैन ।

## ५.५ विवाह

साधारणतया महिला र पुरुषलाई समाजले पति पत्नीको रुपमा मान्यता दिनुलाई विवाह भनिन्छ । विवाहले नै यौन जीवन र सन्तान उत्पादनलाई सामाजिक तथा कानुनी रुपमा छुट दिने गर्छ । नेपाली समाजमा विवाह संस्कार एक महत्वपुर्ण संस्कार मानिन्छ । वर तथा वधुको स्वीकृति भन्दा पनि केटी र केटाका आमा बाबु बिच हुने सम्झोता द्धारा सम्पन्न हुने विवाहलाई मागी विवाह भनिन्छ भने वर तथा वधु बिच विवाह पुर्वनै चिनजान र माया प्रेम बसी गरिने बिबाहलाई प्रेम विवाह भनिन्छ । यस्तो प्रेम विवाहमा अभिभावकको स्विकृति हुन पनि सक्छ वा नहुन पनि सक्छ । उत्तरदाताको विवाहको किसिमलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.११**

विवाहको किसिमको आधारमा उ        त्तरदाताको विवरण

| क.सं | विवाहको किसिम | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | स्वजातिय प्रेम विवाह | ७ | २३.३४ |
| २ | अन्तर जातिय  प्रेम विवाह | ३ | १०.०० |
| ३ | स्वजातिय मागि विवाह | २० | ६६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

मथिको तालिका अनुसार स्वजातिय प्रेम विवाह गर्ने २३.३४ प्रतिशत, विजातिय प्रेम विवाह गर्ने १० प्रतिशत र स्वजातिय मागि विवाह गर्ने ६६.६७ प्रतिशत रहेको देखिन्छ । परम्परागत रितितिथि अनुसारनै हाल सम्म पनि विवाह चलन नै बढी रहेको देखिन्छ । अन्तर जातिय  प्रेम विवाह गर्ने महिलाहरुमा पनि छुट्टै भाषा, संस्कृति र संस्कारहरुको कारणले गर्दा केही समस्या र अप्ठयाराहरुको सामना गर्नु परेको देखिन्छ ।

## ५.६ विधवा विवाहमा दृष्टिकोण

पश्चिमी देशहरुमा विवाहलाई एक सामान्य प्रकृयाको रुपमा लिएको हुन्छ । अझै भन्नुपर्दा विधवा विवाह अत्यधिक मात्रामा हुने गर्छ । तर पुर्विय संस्कारमा विधुवा विवाह धार्मिक कारणहरुले गर्दा त्यति प्रचलनमा रहेको छैन तर नेपालका केही गुरुङ्ग, थकाली तथा थारु ज्नजातिमा भने त्यस्तो चलन रहेको छ । अध्ययन गरिएका उत्तरदाताहरुको विधवा विवाह प्रतिको धारणा लाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १२**

विधवा विवाह प्रतिको धारणा

| क.सं | धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ठिक छ | ६ | २०.०० |
| २ | छैन | २४ | ८०.०० |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार ३० उत्तरदाताहरुमा २० प्रतिशतले विधवा विवाहलाई ठिक मानेका छन भने ८० प्रतिशतले मानेका छैनन । विधवा विवाह ठिक छन भन्नेहरुले उमेर छ भने विभिन्न प्रकारका शारिरीक तथा मानसिक आवश्यकताका लागि, बच्चा छैन भने मात्र गर्नुपर्छ, विभवा विवाहलाई समाजले पुर्ण रुपमा स्वीकार्नु पर्छ , विधवा विवाह अपरिहार्य हो यसले महिला उत्थानमा सहयोग गर्छ र समाजमा यसलाई प्रोत्साहन दिनुपर्छ भन्ने मान्यता राखेका छन् । ठिक छैन भन्नेहरुले महिलाले धार्मिक कारणले गर्दा दोश्रो विवाह गर्नु हुँदैन र सर्तमा बस्नु पर्छ भन्ने मान्यता राखेका छन् । यसरी ठिक छ भन्नेहरुले बच्चा भएको भए विहे गर्ने पुरुषले बच्चा समेत अपनाउनु पर्छ भन्ने मान्यता राखेका छन् ।

## ५.७ अन्तर जातिय विवाह प्रतिको धारणा

पहिले पहिले अन्तर जातिय विवाहलाई त्यति राम्रो रुपमा मानिएको पाइदैन । आफु भन्दा ठुलो मानिएको जाति संग विवाह गरेमा छुट भएता पनि तल्लो जात संगको विवाहमा भने छुट थिएन हाल अन्तर जातिय विवाहमा खुकुलोपन आईरहेको पाईन्छ । अन्तरजातिय विवाह प्रतिको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**<u>तालिका नं. १३</u>**

अन्तर जातिय विवाह प्रति उत्तरदाताको धारणा

| क.सं | धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ठिक छ | १९ | ६३.३४ |
| २ | छैन | ११ | ३६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार अन्तर जातिय विवाह प्रतिको धारणामा अन्तर जातिय विवाह थिक छ भन्ने संख्या ६३.६४ प्रतिशत र ठिक छैन भन्नेको संख्या ३६.६७ प्रतिशत रहेको छ । ठिक छ भन्ने कारणहरुमा समाज परवर्तन संगै स्वीकार्नु पर्ने, जातपात छुवाछुत प्रथाको अन्त्य गर्नुपर्ने र समाजमा उचनिचको भावना कम हुने इत्यादी कारणहरु प्रस्तुत गरेका छन् । यसरी नै ठिक छैन भन्ने कारणहरुमा समाजमा व्यवहार चलाउन गाह्रो हुने र गुठीको कार्य गर्नु पर्दा असजिलो हुने तर्क पेश गरेका छन् ।

## ५.८ बच्चाको संख्या

यस अध्ययनका लागि उत्तरदाताहरुको जिवित बच्चाको संख्यालाई समेत समेटी अध्ययन गरिएको थियो । उत्तरदाताहरुको बच्चाको संख्याको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**<u>तालिका नं. १४</u>**

बच्चाको संख्याको आधारमा उत्तरदाताको विवरण

| क.सं | बच्चाको संख्या | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बच्चा नभएको | २ | ६.६७ |
| २ | ४ वटा बच्चा मात्र | ५ | १६.६६ |
| ३ | ३ वटा बच्चा मात्र | १२ | ४०.०० |
| ४ | २ वटा बच्चा मात्र | ६ | २०.०० |
| ५ | १ वटा बच्चा मात्र | ५ | १६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

मथिके तालिका अनुसार बच्चा नभएको उत्तरदाता ६.६७ प्रतिशत, ४ वटा बच्चम हुनेको संख्या १६.६६ प्रतिशत, ३ वटा बच्चा हुनेको संख्या ४० प्रतिशत, २ वटा बच्चा हुनेको संख्या २० प्रतिशत र १ वटा बच्चा हुनेको संख्या १६.६७ प्रतिशत रहेको देखिन्छ । उत्तरदाताहरुमा खासै बच्चा जन्माउने प्रचलन बढी देखिँदैन यसको खासकारण भनेको बच्चाहरुको लालनपालन गर्न गाह्रो हुने भएको भन्ने रहेको पाईन्छ ।

## ५.९ परिवार नियोजन

हाल विश्वमा बढिरहेको जनसंख्याको विभिन्न सामाजिक, सांस्कृतिक तथा आर्थिक समस्या ल्याईरहेको पाइन्छ । परिवार नियोजनको प्रयोगले जनसंख्या नियन्त्रणलाई भरमगदुर मद्दत गर्ने गर्छ । व्यक्तिगत रुपमा भन्दा पनि सानो परिवार भएमा त्यो घर परिवार सुखी र स्वस्थ्य हुने गर्छ । घरमा भएको श्रोतलाई पनि अधिकतम रुपमा घर परिवारको कल्याणको

लागि प्रयोग गर्न सकिन्छ । आज समाजको हरेक पक्षमा प्रतियोगितात्मक भावना रहेकोमा यसलाई कम जनसंख्या उत्पादन गरी परिवार नियोजनले बढि मात्रामा मद्दत गरिरहेको छ ।

सायद अशिक्षाको कारणले या ज्ञानको अभावले हो उक्त क्षेत्रका अधिकांश महिलाहरुले सुत्केरी घरमा नै गराएको पाइयो । पूरुषहरुको तुलनामा महिलाहरु नै परिवार नियोजनको साधन बढी प्रयोग गर्ने गरेको पनि पाइयो । विशेष गरी नेपाली बजारमा परिवार नियोजनको साधनको स्थायी साधनमा पुरुषको भ्यासेक्टोमी र महिलाले गर्नेमा मिनिल्याप/ ल्यापरोस्कोपी र अस्थायी साधनमा पुरुषले प्रयोग गर्ने कण्डम र महिलाले प्रयोग गर्नेमा नरप्लान्ट, संगीनी तीन महिने सुइ डिपो प्रोभेरा, खाने गुलाफ चक्की इत्यादी रहेका छन् । परिवार नियोजनको प्रयोग महिला तथा पुरुष दुबै जनाले स्थाइ वा अस्थायी दुवै प्रकारले आवश्यकता हेरी प्रयोग गर्ने गर्दछन् । अस्थायी प्रयोग गर्ने साधनमा विभिन्न अवधि सम्म हुने नरप्लान्ट र सुइहरु र खाने चक्की रहेको छ । परिवार नियोजनको अस्थायी साधनको प्रयोग नगर्ने दम्पती मध्य अधिकांशले स्थायी बन्ध्याकरण गरेको पाइयो जसलाई तालिकामा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**<u>तालिका नं. १५</u>**

परिवार नियोजनका अस्थायी साधनको प्रयोग सम्बन्धि विवरण

| क.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | १२ | ४०.०० |
| २ | पुरुष | ०४ | १३.३३ |
| ३ | साधनको प्रयोग नगर्ने | १४ | ४६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिकाको आधारमा परिवार नियोजनका अस्थायि साधनहरुको प्रयोग गर्ने ४० प्रतिशत महिलाहरु छन् भने १३.३३ प्रतिशत पूरुषहरुले परिवार नियोजनका अस्थायी साधनको प्रयोग गर्ने गरेको पाइयो । अस्थायी साधनको प्रयोग नगर्ने ४६.६७ प्रतिशत दम्पतीहरु मध्ये धेरैले स्थायी वन्ध्याकरण गरिसकेको र केहीले अस्थायी साधन झण्झटिलो भएकोले प्रयोग नगर्ने बताए ।

## ५.१० स्थानिय निर्वाचनमा महिलाको अवस्था

ह्मलसम्मको तथ्याङ्कले राजनैतिक पहुँच तथा अन्य शक्तिशाली पदहरुमा महिलाहरुको सहभागीता ज्यादै कम देखाएको छ । २०४६ सालको बहूदलीय ब्यबस्थाको स्थापना पश्चात महिलाहरुको विकासका विविध क्षेत्रहरुमा सहभागीतामा केही सुधार भएको पाइएको छ तर पनि महिलाको कार्यकारी पद जस्तै : मन्त्रीपरिषद, कर्मचारी ९सरकारी सेवा ० र न्यायालयहरुमा पहुँच निकै कम रहेको छ । नेपालको परिप्रेक्षेमा नेपालको राजनैतिक क्षेत्रमा महिलाको पहुँच निकै कम रहेको छ । संविधानले प्रत्यक पार्टीलाई प्रतिनिधि सभामा अनिवार्य रुपले ५ प्रतिशत महिलाहरुलाई टिकट दिनुपर्ने प्रावधान दिएको छ तर स्थायी निर्वाचनमा वडा सदस्य पदमा मात्र अनिवार्य स्थान प्रदान गरेको छ । यस गा.वि.स. को हालसम्म पनि वडा अध्यक्ष, सदस्य पदमा महिलाको उम्मेदवारी र चयन भएको छैन् । अध्ययन गरीएका ३० जना उत्तरदाताहरु मध्य हाल सम्म पनि कोहीपनि कुनै पनि पदमा निर्वाचित भएका छैनन् तर भविष्यमा उम्मेदवार हुने लक्ष्य भने राखेको पाइयो ।

## ५.११ राजनैतिक दलहरुका कार्यक्रममा सहभागिता

यस स्थानमा बसोबास गरेका महिलाहरुको राजनैतिक दलका कार्यक्रमहरुमा पनि कस्तो संलग्नता रहेको छ भन्ने बारेमा पनि अध्ययन गर्न खोजिएको छ । उत्तरदाताहरुको राजनैतिक दलका कार्यक्रम हरुमा भएको सहभागितालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१६**

राजनैतिक दलका कार्यक्रमहरुमा उत्तरदातको सहभागिता

| क.सं | सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छैन | २८ | ९३.३४ |
| २ | छ | २ | ६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

मथिको तालिका अनुसार अध्ययन गरिएका ३० जना उत्तरदाताहरुको राजनैतिक दलका कार्यक्रमहरुमा रहेको सहभागिता लाई हेर्दा ९३.३४ प्रतिशतले मतदान बाहेक कुनै पनि कार्यक्रमहरुमा भाग लिएको देखिँदैन् । यसरी नै बाँकी रहेका ६.६७ प्रतिशतले भने विभिन्न

कार्यक्रमहरुमा भाग लिएका छन् । भाग लिएका २ जना मध्य ३ जनाको सहभागीता जुलुस /आमसभा इत्यादी पर्दछन् ।

## ५.१२ झै झगडाको अवस्था

विशेष गरी नेवारी महिलाहरु सहयोगी, भलादमी र सोझो प्रकृतिका हुन्छन् ।

श्रीमान /श्रीमति भनेको एउटा रथको दुई पाङग्रा हुन् । मतवाली जातिमा बढि मात्रामा महिलाको अवश्था उच्च हुने गर्छ । श्रीमान/श्रीमति बिच हुने झै झगडाको अवश्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका नं. १७**

श्रीमान / श्रीमती बिच हुने झैझगडाको आधारमा उत्तरदाताको विवरण

| क. सं | झैझगडाको अवश्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कहिलेकाहीं | ६ | २०.०० |
| २ | बारम्बार | ३ | १०.०० |
| ३ | कहिले पनि नपिट्ने | २१ | ७०.०० |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार अध्ययन गरिएको ३० घर परीवारमा श्रीमान / श्रीमति बिच झगडा हुँदा श्रीमतीलाई पिट्ने प्रचलनमा २० प्रतिशतले कहिलेकाही पिट्ने प्रचलनमा रहेको छ । त्यसरी नै १० प्रतिशतलाई श्रीमानले बारम्बार पिट्ने गरिएको देखिएको छ । त्यसरी नै ७० प्रतिशत श्रीमतीले श्रीमानले कहिले पनि नपिट्ने बताएका छन । श्रीमानले श्रीमतिलाई पिट्नेमा मादक पदार्थ सेवन र कुरा नमिलेर अरुको कुरा सुनेर मुख्य रहेको छ । तुलनात्मक हेर्दा अत्यधिक श्रीमतीहरुले पिटाई खानु नपरेको देखिन्छ ।

## ५.१३ दाइजो प्रथाको प्रचलन

दाइजो प्रथा नेपालको हरेक समाजमा सानो तथा ठुलो प्रकारमा रहेको छ । नेपाली समाजमा दाइजो प्रथाले छोरीको घरमा छोरीको स्थान उच्च रहन्छ भन्ने भावना राख्ने गरिन्छ तर हाल दाइजो प्रथा एक फेशनको रुपमा विकसित भैरहेको छ । दाइजो प्रथा नेपालको विभिन्न

जात / जनजाति अनुसार फरक फरक रहेको छ । तराईको केही उच्च मानिएको जात / जनजाति बाहेक अरु जतिमा त्यति दाइजोको बढाबढ भएको देखिंदैन । यस स्थानमा रहेको नेवारी समुदायमा दाइजो प्रचलनमा रहेतापनि इच्छा र क्षमताले भ्याएसम्म मात्र दिइने प्रचलन रहेको छ । यस नेवारी समुदायमा पनि दाइजो बढी दिएमा महिलाको घरमा स्थान उच्च हुने र अरुलाई देखाउने प्रचलन पनि बढी मात्रामा रहेको छ ।

सामाजिक रुपले भन्दा दाइजो प्रथा एक सामाजिक विसंगति / रोग मानिन्छ तर पनि समाजमा यसको अस्तित्व दिनानु दिन बढ्दैछ । यस स्थानको नेवारी समुदायमा धेरै / थोरै रुपमा दाइजो प्रथाको प्रचलन रहेको छ । यस समाजमा दाइजोको रुपमा विभिन्न प्रकारका फर्निचरहरु, लत्ताकपडा, भाडाकुडाहरु , टि.भि,फ्रज , कम्प्युटर साथै गरगहना इत्यदी दिने प्रचलन रहेको छ । छोरा नहुने घरपरिवारले भने घर जग्गा समेत दिने गर्दछन् ।

## ५.१४ निर्णय प्रकृयामा भुमिका

ह्ाल श्रीमान / श्रीमती बिचको सम्बन्धमा परम्परागत रुपमा भएको सम्बन्ध भन्दा धेरै पक्षमा परिवर्तन आएको देख्न सकिन्छ । यस परिवर्तनले महिलाको स्थानमा सुधार ल्याएको देखिन्छ । महिला र पुरुषको अन्तर सम्बन्धमा सकारात्मक परिवर्तन शिक्षाको माध्यमबाट आएको हो । शारीरीक रुपमा महिला र पुरुष बिचमा फरक भएता पनि सामाजिक रुपमा समान मानिनु पर्छ । घर परिवारमा निर्णय प्रकृयामा भूमिकालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८**

निर्णय प्रकृयाको भुमिकाको आधारमा उत्तरदाताको विवरण

| क.सं | भुमिका | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरुषको मात्र | १० | ३३.३३ |
| २ | महिलाको मात्र | ४ | १३.३४ |
| ३ | दुबैको बराबर | १६ | ५३.३३ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण , २०६९*

मथिको तालिका अनुसार अध्ययन गरिएको ३० उत्तरदाताहरुको बिचारमा १० घर परिवारमा पुरुषको मात्र निर्णय प्रकृयामा भुमिका रहेको छ जुन ३३.३३ प्रतिशत रहेको छ । त्यसै गरि ४ घर परिवारमा अर्थात १३.३४ प्रतिशत निर्णय प्रकृयामा भुमिका महिलाको मात्र रहेको छ भने १६ उत्तरदाताको घरपरिवारमा महिलाको र पुरुषको स्थानमा बराबर रहेको छ जुन ५३.३३ प्रतिशत रहेको छ । उत्तरदाताहरुको भनाइमा महिलाहरु पुरुषको तुलनामा सामाजिक, आर्थिक तथा धार्मिक क्षेत्रमा संलग्नता कम रहेको देखिन्छ । सामान्य रुपमा भन्ने हो भने महिलाको निर्णय प्रकृयामा भुमिका उसले प्राप्त गरेको शिक्षा , आम्दानी हुने क्षेत्रको संलग्नता र रोजगारीको अवस्था अनुसार निर्धारण हुने गर्छ । यसरी संयुक्त परिवारको महिला भन्दा एकल परिवारमा महिलाको निर्णय प्रकृयामा भुमिका उच्च रहेको देखिन्छ ।

## ५.१५ भाषाको जानकारी

भाषा संचारको एक महत्वपुर्ण माध्यम हो । विशेषगरी नेवारी समाजमा नेवारी भाषा बोल्ने गरीन्छ । तर हाल अन्य जातीसंगको अन्तरकृया, अन्तरसम्बन्ध, शिाक्षा, आमसंचार, आदीकारणले अन्य भाषाको पनि ज्ञान रहेको छ । ३० उत्तरदाताहरुको भाषागत जानकारीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९**

भाषागत जानकारीको आधारमा उत्तरदाताको विवरण

| क.सं | भषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेवारी मात्र बुझ्ने | ४ | १३.३४ |
| २ | नेपाली समेत बुझने | १७ | ५६.६७ |
| ३ | नेपाली र हिन्दि समेत बुझने | ५ | १६.६७ |
| ४ | नेपाली, हीन्दी र अंग्रजी बुझ्ने | ४ | १३.३३ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार नेवारी भाषा मात्र बूझने १३.३४ प्रतिशत, नेपाली भाषा पनि बुझ्ने ५६.६७ प्रतिशत , नेपाली र हिन्दी समेत बुझ्ने १६.६७ प्रतिशत र नेपाली, हीन्दी र

अंग्रजी बुझ्ने १३.३३ प्रतिशत रहेको देखिन्छ । उत्तरदाता केही महिलाहरुमा हिन्दी र अंग्रजी भाषाको समेत जानकारी रहेको पाईन्छ ।

## ५.१६ संघ / संस्थामा आबद्ध

यस अध्ययन गरिएका स्थानमा बसोबास गरेका विवाहित महिलाहरु विभिन्न किसिमका संघसंस्थामा आबद्धता रहे्को वा नरहेको भन्ने बारेमा पनि यस अध्ययनमा हेरिएको छ । अध्ययन गरिएको ३० विवाहित महिलाहरुको विभिन्न किसिमका संघ संस्थामा भएको आबद्धतालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २०**

संघ संस्थामा सहभागीताको आधारमा उत्तरदाताको विवरण

| क.सं | सहभागीता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छैन् | ८ | २६.६७ |
| २ | छ | २२ | ७३.३४ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत: स्थलगत सर्भेक्षण, २०६९*

मथिको तालिका अनुसार अध्ययन गरिएको ३० जना उत्तरदाताहरुमा २६.६७ प्रतिशत कुनै पनि संघसंस्थामा आबद्धता रहेका छैनन् भने ७३.३४ प्रतिशत विभिन्न संघसंस्थामा आबद्ध भएका छन् । आवद्ध भएको संघसंस्थामा आमा समूह र विभिन्न सहकारी संस्थाहरु रहेका छन् ।

## ५.१७ दैनिक कार्यमा सहभागिता

यस समुदायमा पनि कृषि प्रमुख पेशा भएको समुदाय मानिन्छ । एउटी गृहीणीको रुपमा यहाँका महिलाले बिहानदेखि बेलुका सम्म बिभिन्न प्रकारका कार्यहरु गर्ने गर्छन् । प्राय नेपालको समाजमा महिलाहरु घर भित्रको र पुरुषहरु घर बाहिरको कार्य गर्ने गर्दछन् । हाल आधुनिकताको कारणले पुरुष र महिला बिचमा स्पष्ट कार्य विभाजन त्यति भएको पाईदैन तर पनि समाजमा चलेको पितृसत्तात्मक धारणाले गर्दा महिलाहरु घर भित्रको कार्यमा नै संलग्न हुनु परेको देखिन्छ । हाल महिलाहरु कृषि कार्यको संलग्नता बाहेक आर्थिक कृयाकलापमा पनि संलग्न रहेको पाइन्छ ।

अध्ययन गरिएका ३० उत्तरदाताहरुलाई घर परिवार संचालनमा निर्णय तथा कार्यको वर्गिकरणलाई हेर्दा महिलाहरु बढि मात्रामा घरेलु र कृषि कार्यमा संलग्न रहेको पाइन्छ । महिलाहरु खाना पकाउने, सफासुग्घर गर्ने, लुगा धुने इत्यादी कार्यमा बढी मात्रामा संलग्न रहेको पाइन्छ । उत्तरदाताको भनाइ अनुसार संस्कृतिले नै महिलालाई यस कार्यका लागि निश्चितता प्रदान गरेको पाइन्छ । यी कार्य बाहेक बिहान सबेरै घर सफा सुग्घर गर्ने देखि खाना पकाउने कार्य पनि गर्दछन् । यसरी नै खेतीका अधिकांश कार्यमा पनि महिलाहरु संलग्नता रहेको पाइन्छ । घर परिवारको विभिन्न निर्णयहरुमा उत्तरदाताहहरुको भनाईमा संयूक्त परिवार भन्दा एकल परिवारका महिलाहरुको सहभागिता  बढी मात्रामा देखिन्छ । विषेश गरी घर परिवारमा हुने निर्णयहरुमा घर बनाउने, बालबच्चाको शिक्षा तथा हेरचाह, घर सजाउने तथा विषयहरुमा श्रीमान / श्रीमती बिच आपसमा सरसल्लाह गरी निर्णय गर्ने उत्तरदाताहरु बताउँछन् ।

## ५.१८ श्रीमान्को दैनिक कार्यमा सक्रिय सहयोग

घर परिवारमा विभिन्न प्रकारका दैनिक कार्यहरु संचालन गर्नु पर्ने हुन्छ । सामान्य तया घर भित्रको कार्यमा महिलाको महत्वपुर्ण भुमिका हुने गर्छ । अध्ययन गरिएको ३० उत्तरदाताहरुको श्रीमानले दैनिक कार्यम गर्ने सक्रिय सहभागितालाई निम्न कार्यमा प्रस्तुत गरिएको छ ।

**<u>तालिका नं. २१</u>**

दैनिक कार्यमा श्रीमानको सहयोगको आधारमा उत्तरदाताको विवरण

| क.सं | सहयोगको क्षेत्र | गर्ने | नगर्ने |
|---|---|---|---|
| १ | बच्चा बच्ची हेर्ने | २० | १० |
| २ | पानी ल्याउने | ९ | २१ |
| ३ | नास्ता तयार गर्ने | ८ | २ |
| ४ | लुगा धुने | ४ | ६ |
| ५ | घर सफा गर्ने | ११ | १९ |
| ६ | खाना बनाउने | ९ | १ |
| ७ | कृषि | २७ | ३ |
| ८ | सामान मिलाउने | १७ | १३ |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार अध्ययन गरिएको ३० घर परिवारमा श्रीमानले बच्चा हर्ने कार्यमा सहयोग गर्नेको संख्या २०, पानी ल्याउन सहयोग गर्नेको संख्या ९,नास्ता तयार गर्न सहयोग गर्नेको संख्या ८, लुगा धुन सहयोग गर्नेको संख्या ४, घर सफा गर्न सहयोग गर्नेको संख्या ११, खाना बनाउन सहयोग गर्नेको संख्या ९, कृषि कार्यको लागि सहयोग गर्नेको संख्या २७ र सामान मिलाउन सहयोग गर्नेको संख्या १७ रहेको छ ।

## ५.१९ धुम्रपान गर्नेको अवस्था

विशेष गरि नेवारी समाजमा धुम्रपान भन्दा मध्यपानलाई बढी मात्रामा मान्यता दिइन्छ । अन्य जात जस्तो मध्यपान सेवनमा प्रतिबन्ध गरेको पाइदैन । ३० जना उत्तरदाताहरुको धुम्रपान गर्ने र नगर्ने अवस्थालाइ निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २३**

धुम्रपान सेवनको आधारमा उत्तरदाताको विवरण

| क.सं | सेवन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | धुम्रपान नगर्ने | २४ | ८०.०० |
| २ | धुम्रपान दुबै गर्ने | ६ | २०.०० |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार ३० जना उत्तरदाताहरुमा धुम्रपान नगर्नेको संख्या ८० प्रतिशत र धुम्रपान गर्नेको संख्या २० प्रतिशत रहेको छ । धुम्रपान गर्न हुँदैन भन्ने चेतना उत्तरदाताहरुमा रहेको देखिन्छ ।

## ५.२० लैङ्गिक मान्यता

विशेषगरि हिन्दु धर्मको प्रभाव रहेको समाजमा लैङ्गिक मान्यता अनुसार छोरालाई बढी मात्रामा मान्यता दिईन्छ । हाल समाजमा आधुनिकता तिर ढकाल्कदै गर्दा यस भावनामा पनि परिवर्तन हुँदै आइरहेको छ । ३० उत्तरदाताको बिचारमा लैङ्गिक मान्यतालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २४**

लैङ्गिक मान्यताको आधारमा उत्तरदाताको विवरण

| क.सं | लैङ्गिक मान्यता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरा | २२ | ७३.३४ |
| २ | दुवै (छोरा र छोरी ) | ८ | २६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार ३० उत्तरदाताहरुको विचारमा छोरालाइ मान्यता दिनुपर्छ भन्नेको संख्या ७३.३४ प्रतिशत दुवै (छोरा , छोरा ) लाई मान्यता दिनुपर्छ भन्नेको संख्या २६.६७ प्रतिशत रहेको छ । दुवैलाइ मान्यता दिनुपर्छ भन्नेले शिक्षित भए सवैले कार्य गर्न सक्छन् , शिक्षाले मान्छेलाई बुद्धीमान, ज्ञानी र आत्म निर्भर बनाउँछ, छोरा छोरीमा भेदभाव गर्न हुँदैन् , दैनिक व्यवहारका लागि छोरा छोरी आफ्नो सन्तान भएकोले, आफु पढ्न नसकेकोले, आफु पढेर वकिल बनेकोले आफु नपढेर चाँडै विवाह भएकोले र आजको युगमा शिक्षा नभै नहुने भएकोले आदी तर्क राखेका छन् । छोरीलाई भन्दा छोरालाई समाजमा वा घर परिवारमा मान्यता दिएता पनि हाल समान व्यवहार गर्ने प्रचलनमा बृद्धि भएको छ । तर केही उत्तरदाताहरुले छोरा प्रति बढी मान्यता राखेतापनि व्यवहारीकतामा भने समान व्यवहार र अवसर दिएको बताउँदछन् । ३० उत्तरदाताहरुले लैङ्गिक मान्यतालाई निम्न लिखित रुपमा व्यवहारमा उतारेको बताउँछन् ।

क) दुबैलाई राम्रो समान स्कुलमा पढाएको र ठुलो भएपछि उनिहरुकै इच्छा अनुसार उक्त शिक्षा प्रदान गर्ने ।

ख) दुबैलाई उचित शिक्षा दिने र छोरीलाई नर्स र छोरा लाइ इन्जिनियर बनाउने ।

ग) दुबैलाई उच्च शिक्षा दिलाइएको सबै आ–आफ्नो व्यवसायमा सफल

घ) जुन कुरा समाजमा छोरा लाई दिइन्छ त्यही कुरा छोरी लाई दिएर

ङ) छोरी लाई शिक्षा, स्वतन्त्रता र आत्म मुखी कार्यहरु सिकाएर

च) दुवैलाई उच्च शिक्षा दिइ आत्म निर्भर बनाएर

## ५.२१ महिला हुनुमा गर्व

अध्ययन गरिएको सबै ३० उत्तरदाताहरुनै विवाहित महिला रहेका छन् । उनिहरुले महिला हुनुमा गरिएको गर्वलाई निम्न तलिकामा प्रस्तुत गरिएको छ ।

क) आमा भएर राम्रो संस्कार दिएकोमा

ख) असल पत्नी र सासु बन्न सकेकोमा

ग) प्रौढ शिक्षा मार्फत पढ्न लेख्न सकेकोमा

घ) श्रीमानको अनुपश्थितिमा घर चलाउन सक्ने सक्षम नागरिक भएकोमा

ङ) असल बुहारी भएकोमा

च) ३ जना उत्तरदाताले भने आफु नारी भएकोमा तर्क राखेकी छिन् ।

## ५.२२ नेवार समुदायमा महिला प्रति समर्पीत संस्कारहरु

### ५.२२.१ आमा खुवाउने औंसी

नेपालमा महत्वपुर्ण चाडपर्व मध्य आमा खुवाउने चाड पनि एक हो । आमा खुवाउने औंसीलाई पनि महिलालाई समाजमा अस्तित्व स्विकार गरेको रुपमा लिन सकिन्छ । यो चाड सामान्यतया बैशाख महिनामा पर्ने गर्छ । यो चाड महिला प्रति समर्पित चाड पनि हो । यस चाडलाई महिलाहरु आमा दिवस पनि भन्ने गर्छन् । यो चाड सामान्यतया बैशाख महिनामा पर्ने गर्छ । छोरा छोरीले मिठा मिठा खानेकुरा आमा बुबालाई खुवाएमा आमा बाट आशिर्वाद प्राप्त गरी भविष्यको जीवन सुखमय हुन्छ भन्ने आशा गर्ने गरिन्छ । जसका आमा हुंदैनन् त्यस दिन आमा नाममा सिदा आमा प्रति समर्पित भएर दान पनि गर्ने गरिन्छ । बुद्ध धर्म ग्रन्थमा यस आमा खुवाउने औंसी वा आमा प्रति समर्पीत चाडलाई परभिरा भनि उल्लेख गरिएको पाइन्छ । यसरी यस चाडले महिलाले केही रुपमा समाजमा मान्यता दिएको छ ।

### ५.२२.२ **बेल बिबाह वा इहि**

नेवारी समाजमा यस प्रकारको संस्कारलाई विवाहको मान्यता दिएको पाइन्छ । यस समाजमा वेललाई कहिले पनि नमर्ने मानिसको रुपमा लिइएको पाइन्छ । यसरी बेल (एक प्रकारको कडा फल) संग विवाह गरेमा नेवारी महिला कहिले पनि विधवा हुंदैन भन्ने मान्यता रहेको छ । यस्तै बेल विवाह वा इहिको धार्मिक तथा सामाजिक महत्व पनि रहेको छ । बेल बिबाह वा इहि महिलामा पहिलो रजस्वला हुनु अगावै गरिन्छ । बेल विवाह एक्ला एक्लै नगरी संयुक्त रुपमा गर्ने गरीन्छ । यस समुदायमा संयुक्त रुपमा वेल बिबाह खर्चमा पनि कटौती हुन्छ । बेल विवाह वा इहिको महत्व यस्तो मानिन्छ कि एकचोटी इहि गरिसकेपछि धार्मिक दृष्टिकोणले अर्को विवाह हुन नसकेमा पनि त्यति अनिवार्य मानिदैन । यसरी नेवारी समाजमा महिलामा मान्छे संग गरिने विवाह जस्तै वेल विवाह पनि हरेक महिलाको लागी अनिवार्य मानिन्छ । बेल विवाह वा इहि पाँच वर्षको उमेरमा गर्ने गरिन्छ ।

### ५.२२.३ **गुफा बस्ने**

हरेक महिलाले बेल विवाह वा इहि पछि गुफा बस्ने प्रचलन गर्नु पर्ने हुन्छ । जसलाई सुर्य दर्सन संस्कार पनि भन्ने गरिन्छ । गुफा बस्ने संस्कार पहिलो चोटि रजस्वला हुनु भन्दा अगाडी गर्ने गरिन्छ । गुफा बस्ने संस्कारमा महिलालाई एघार दिन सम्म सुर्यको किरण नछिर्ने अँध्यारो कोठामा राख्ने गरिन्छ । एघार दिन सम्म कुनै पनि सुर्यको किरण र पुरुषको अनुहार हेर्न हुँदैन् । बाह्रौं दिनमा दिनमा आँखा बन्द गरी सूर्य उदाउनु अगाडी नै नुहाएर सुर्यको पुजा गरी दर्शन गर्ने गरिन्छ । यदी यघार दिन भित्रमा गुफा राखेको महिलाको मृत्यु भएमा उ बसेको कोठाको प्वाल पारी लासलाई भुंइ तल्लामा गाड्ने गरिन्छ । लासमाथि पनि सुर्यको किरण पर्नु हुंदैन भन्ने मान्यता राखिन्छ । रजस्वला हुंदा ब्राम्हण, क्षेत्री ठकुरीहरुमा ४ दिनमा वार्नु पर्ने प्रचलन जस्तै गुफा बसीसकेपछि नेवार समुदायमा बार्नु पर्दैन । यसरी नेवार समुदायमा त्यसपछि रजस्वला भएपछि पनि खाना पकाउने संगै बस्ने तथा सुत्ने गरेता पनि पुजाकोठा र कुनै पनि धार्मिक संस्कारमरुमा भने सहभागी हुनु हुदैन ।

**अध्याय छ**

# नेवार महिलाको आर्थिक अवस्था

## ६.१ पेशा

अध्ययन गरिएको ३० उत्तरदाताहरुलाई पेशाको आधारमा पनि वर्गिकरण गरिएको छ । उत्तरदाताको पेशाको आधारमा गरिएको वर्गिकरणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका.नं. २६**

**प्रमुख पेशाको आधारमा उत्तरदाताको विवरण**

| क.सं | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | २७ | ९०.०० |
| २ | नोकरी | १० | १०.०० |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

मथिको तालिका अनुसार कृषिमा संलग्न हुने उत्तरदाताको संख्या ९० प्रतिशत र नोकरीमा संलग्न हुनेको संख्या १० प्रतिशत रहेको छ । कृषिमा संलग्न भएका महिलाहरुमा पनि धेरै जसो महिलाहरु नगदे बालिमा भन्दा पनि खाद्य बाली उत्पादनमा नै संलग्न भएको पाइन्छ केही महिलाहरु नगदे बालीको रुपमा सागपात, आलु जस्ता उत्पादन गर्ने गरेको पाइन्छ । त्यसतै नोकरीमा पनि महिलाहरु शिक्षिका पेशामा संलग्न रहेको पाइयो ।

## ६.२ प्रत्यक्ष आम्दानी हुने क्षेत्रमा महिलाको संलग्नता

विशेषगरी नेपाली समाजमा महिलाहरु बढि भन्दा बढी समय घरेलु कार्यमा संलग्नता भएको पाईन्छ जसबाट प्रत्यक्ष रुपमा आम्दानी हुने देखिंदैन । खेतीको कार्य, खाना पकाउने, परिवारको हेरविचार गर्ने, घर वा कपडा सफासुग्घर गर्ने कार्यलाई नगद आम्दानी हुने क्षेत्रमा गणना गरेको पाइदैन । यसरी प्रत्यक्ष रुपमा नगद प्राप्त गर्नेलाई मात्र आम्दानीमा गणना गरेको पाइन्छ । त्यस प्रकारको अवस्था ग्रामीण क्षेत्रमा पनि केही मात्रामा रहेको देखिन्छ तर हाम्रो समाजमा प्रत्यक्ष हुने क्षेत्रमा संलग्नता भन्नाले नोकरी गर्ने वा व्यापारमा संलग्न हुने र ज्यालादारी गर्ने भन्ने मात्र बुझिन्छ तर यी कार्यमा संलग्न भएता पनि महिलाले घरेलु कार्य

पनि गर्नु पर्ने हुन्छ । अध्ययन गरिएको ३० घर परिवारका ३० जना उत्तरदाताहरुको प्रत्यक्ष आम्दानी हुने क्षेत्रको संलग्नतालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२७**

**प्रत्यक्ष आम्दानी हुने क्षेत्रमा उत्तरदाताको संलग्नताको विवरण**

| क.सं | संलग्नता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | संलग्नता भएको | ४ | १३.३४ |
| २ | संलग्नता नभएको | २६ | ८६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

मथिको तालिका अनुसार प्रत्यक्ष आम्दानी हुने क्षेत्रमा भएको संलग्नता लाई हेर्दा संलग्नता हुनेको संख्या १३.३४ प्रतिशत र संलग्नता नभएको संख्या ८६.६७ प्रतिशत रहेको छ । यसरी प्रस्तुत तालिका हेर्दा अत्यधिक महिलाहरु प्रत्यक्ष आम्दानी नहुने क्षेत्रमा संलग्न भएको पाइन्छ ।

## ६.३ मासिक आम्दानीको अवस्था

प्रत्यक्ष आम्दानीमा संलग्न हुनेको प्रति महिना हुने आम्दानीलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२८**

**मासिक आम्दानिको आधारमा उत्तरदाताको विवरण**

| क.सं | रकम ( रुपैयामा ) | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २००० | १७ | ५६.६७ |
| २ | २०००-४००० | ६ | २०.०० |
| ३ | ४,०००-६,००० | ३ | १०.०० |
| ४ | ६,०००-७,००० | ४ | १३.३४ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार २,००० सम्म मासिक आम्दानी हुने उत्तरदाताको संख्या ५६.६७ प्रतिशत, २,०००-४,००० सम्म मासिक आम्दानी हुने उत्तरदाताको संख्या २० प्रतिशत, ४,०००-६,००० सम्म आम्दानी हुने संख्या १० प्रतिशत र ७,००० आम्दानी हुने संख्या १३.३४ प्रतिशत रहेको छ । महिलाहरुको आम्दानी कम हुनुको प्रमुख कारण भनेको उनीहरु धेरै समय घर भित्रको काममा नै विताउनु पर्ने र थोरै समय मात्रै कृषि तथा अन्य आय आर्जन हुन सक्ने क्षेत्रमा संलग्न रहनु नै हो । अध्ययन क्षेत्रका महिलाहरुको प्रत्यक्ष आम्दानीमा बढी संलग्नता नभएता पनि कमाएको आम्दानी भने महिलाहरुले नै राख्ने देखियो । तर खर्च भने महिलाहरुले भन्दा पुरुषहरुले नै गर्ने गरेको थियो ।

## ६.४ आर्थिक कारोवारमा जिम्मेवारी

घर परिवारमा आर्थिक कारोवार व्यवस्थापन र जिम्मेवारी हरेक परिवारको लागी अति महत्वपुर्ण हुन्छ तापनि कतिपय घरपरिवारमा महिलाहरुलाई आर्थिक जिम्मेवारी दिएको पाइदैन । अध्ययन क्षेत्रका उत्तरदाताहरुको आर्थिक कारोबारहरुमा भएको जिम्मेवारी लाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २९**

**उत्तरदाताको आर्थिक कारोवारमा जिम्मेवारीको विवरण**

| क.सं | जिम्मेवारी | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जिम्मेवारी रहेको | ९ | ३०.०० |
| २ | जिम्मेवारी नरहेको | २१ | ७०.०० |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

मथिको तालिका अनुसार अध्ययन गरिएको ३० जना उत्तरदाताको ३० घरपरिवारमा ३० प्रतिशतको घरमा मात्र आर्थिक कारोवारमा महिलाको जिम्मेवारी र व्यवस्थापन रहेको छ भने ७० प्रतिशतको घरमा महिलाको जिम्मेवारी नरहेको र पूरुषको नै जिम्मेवारी रहेको देखिएको छ । तर केही क्षेत्र जस्तो घर बनाउने, बालबच्चाको शिक्षा तथा हेरचाह,घर सजाउने जस्ता क्षेत्रमा दुबै जनाले सल्लाह गरी निर्णय गर्ने गरेको पाइन्छ ।

## ६.५ कमाएको पैसा राख्ने प्रचलन

विशेषगरी घर परिवारका सदस्यहरुले कमाएको पैसा महिला या पुरुष जोसुकै भएतापनि घरमुलिले राख्ने चलन अधिकाँश नेपाली समाजमा पाइन्छ । ३० जना घरपरिवारमा ३० जना उत्तरदाताहरुको भनाइमा कमाएको पैसा राख्ने प्रचलनलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.३०**

कमाएको पैसा राख्ने को आधारमा उत्तरदाताको विवरण

| क.सं | प्रचलन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पूरुष | २० | ६६.६७ |
| २ | महिला | ९ | ३०.०० |
| ३ | दुबै | १ | ३.३४ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार अध्ययन गरिएको ३० घर परिवारमा ६६.६७ प्रतिशत घर परिवारमा पैसा पूरुषले राख्ने प्रचलन रहेको छ । यसरी नै ३० प्रतिशत घर परिवारमा पैसा महिलाले र ३.३४ प्रतिशत घर परिवारमा दुवैले राख्ने प्रचलन रहेको छ । नेवारी भाषामा श्रीमतीलाई कला भन्ने गरीन्छ । कला भन्नाले धन की देवी संग सम्बनधित हुनाले महिलाले पैसा राख्ने प्रचलन भएको हुन सक्छ ।

## ६.६ महिलाको नाममा भएको सम्पत्तिको अवस्था

खासगरी सम्पत्ति भन्नाले चल वा अचल सम्पतिलाई जनाउंछ । जग्गा, भवन, घर गरगहना र पैसालाई सम्पति मानिन्छ । विशेषगरी नेपाली समाजमा सम्पत्ति माथि पुरुषको सम्पुर्ण रुपमा नियन्त्रण हुने गर्छ किनभने पुरुषहरु नै घरमुलि हुने प्रचलन रहेको पाइन्छ । यसै सन्र्दभमा उत्तरदाताहरुको नाममा भएको सम्पत्तिको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएकोछ ।

**तालिका नं. ३१**

उत्तरदाताको नाममा भएको सम्पत्तिको अवस्थाको विवरण

| क.सं | सम्पत्तिको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अचल सम्पत्ति नभएको | २२ | ७३.३४ |
| २ | अचल सम्पत्ति भएको | ८ | २६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार अध्ययन गरिएको ३० जना उत्तरदाताको परिप्रेक्षमा ७३.३४ प्रतिशत महिलाको आफ्नो नाममा कुनै पनि सम्पत्ति रहेको देखिंदैन । यसरी नै २६.६७ प्रतिशत उत्तरदाता महिलाको नाममा सम्पत्ति रहेको देखिन्छ । सम्पत्ति रहेको उत्तरदाताहरुमा पनि २ जना एकल महिला, १ जनाको छोरा नभएको, २ जनाको माइती मा कोही नभएकोले, ३ जनाको भने आफ्नो श्रीमानले आफुखुसी नै केही जग्गा उनिहरुको नाममा राखेको पाईयो ।

## ६.७ सम्पत्ति सम्बन्धि अधिकार बारेमा धारणा

नेपालको अन्तरिम संविधानले सम्पति सम्बन्धि अधिकारलाई मौलिक अधिकार अन्तर्गत राखेको छ । जसअनुसार प्रत्येक नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पतिको अन्य कारोबार गर्ने हक हुनेछ । सो को धारा २० ( ४) मा पैतृक सम्पतिमा छोरा र छोरीलाई समान अधिकार हुनेछ भनिएको छ । मुलुकी ऐन ११ औं संशोधनले पनि महिलाको सम्पति सम्बन्धि अधिकारको दायरालाई फराकिलो पारेको छ । यद्दपि व्यबहारिकता भने फरक छ, अझैपनि छोरीलाई सन्तानको रुपमा स्विकार नगरिनु, स्रोत साधन तथा सम्पतिमा महिलाको समान पहुचं नहुनु जस्ता सामाजिक समस्याले पनि सम्पत्ति माथिको अधिकारलाई सिमितता प्रदान गरेको छ । उत्तरदाताहरुलाई सम्पत्तिको अधिकारको बारेमा रहेको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ३२**

सम्पत्तिको अधिकारको बारेमा उत्तरदाताको धारणाको विवरण

| क.सं | धारणा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरालाइ मात्र दिनुपर्छ | २३ | ७६.६७ |
| २ | छोरा छोरी दुवैलाई दिनुपर्छ | ५ | १६.६७ |
| ३ | कसैलाई पनि दिनु हुंदैन् | २ | ६.६७ |
| | जम्मा | ३० | १००.०० |

*श्रोत : स्थलगत सर्भेक्षण, २०६९*

माथिको तालिका अनुसार अध्ययन गरिएका ३० घर परिवारमा सबै उत्तरदातालाई सम्पत्तिको अधिकारको बारेमा चेतना भएको पाइएको छ । यसरी ७६.६७ प्रतिशतले छोरालाई मात्र सम्पत्ति दिनु पर्छ भन्ने धारणा रहेको छ । यसरी नै १६.६७ प्रतिशतको बिचारमा छोरा छोरी दुबैलाई बराबर रुपमा सम्पत्ति दनुपर्छ भन्ने धारणा रहेको छ । कसैलाई दिनु हुन्न भन्ने कारणको रुपमा बरु शिक्षामा समान अवसर दिनु पर्छ ताकि त्यही शिक्षालाई उपयोग गरेर सम्पत्ति कमाउन सकियोस् । छोरालाई मात्र दिनुपर्छ भन्नेले वंश परम्परा धान्न र छोराछोरी दुवैलाई दिनु पर्छ भन्नेले समान अवसरका लागि मद्दत गर्ने बताएका छन् ।

## ६.८ महिला उत्थानका लागि गरिनु पर्ने कार्यहरु

अध्ययन गरिएका ३० जना उत्तरदाताहरुमा त्यस समाजमा भएका नेवार महिलाहरुको उत्थानको लागी निम्न लिखित कार्यहरु गर्नु पर्ने उल्लेख गरेका छन् ।

क) उचित शिक्षा दिई सिपमुलक कार्यहरु गराउनु पर्ने

ख) शिक्षा र रोजगार दिनु पर्ने

ग) हरेक क्षेत्रमा महिलाको सहभागिता बढाउनु पर्ने

घ) अशिक्षितको लागि प्रौढ शिक्षा संचालन गर्नु पर्ने

ङ) आर्थिक उत्थानको लागि सुलभ रुपमा ऋणको व्यवस्था गर्नु पर्ने

च) बुहारी लाई पनि छोरी सरह ब्यबहार गर्नुपर्ने

छ) महिला दबिएर र झुकिएर बस्नु नहुने

ज) महिलालाई उच्च शिक्षा दिलाएर

झ) उद्योग व्यवसाय संचालन गर्न सक्ने बनाउनु पर्ने

# अध्याय सात

# सारांश, निष्कर्ष र सुझावहरु

## ७.१ सारांश

आज विश्व बैज्ञानिक युगमा आइपुग्दा पनि नेपालि महिलाहरुको दिनचर्या र सोचाइ त्यही मेलोपातो, घांस दाउरा र घरायसी कामकाज बाट बाहिर आउन सकिरहेको छैन् । हुनत महिलाहरुको आर्थिक र सामाजिक उत्थानको लागि धेरै निति निर्माण नगरेको पनि होइन तर व्याबहारिक रुपमा यसको प्रभावकारि कार्यावन्यन पक्ष कमजोर रहेकोले परिणाम पनि उत्साहजनक हुन सकिरहेको छैन । अधिकाशं महिलाहरु घर भित्रको काम र कृषि क्षेत्रमा संलग्न रहेको देखिन्छ । घर भित्रको कामको कुनै मूल्याकंन हुदैन, यसलाई अनउत्पादक कार्यमा गणना गरिन्छ । थोरै संख्यामा मात्र महिलाहरु रणनैतिक रुपमा अगाडी देखिन्छन् । अल्पसंख्यक महिलाहरु मात्र गतिविधिमा सहभागी हुने, संघसंस्थामा लाग्ने, विद्यालय शिक्षा पूरा गर्ने, जागिर गर्ने गरेको पाइन्छ । धर्म परम्परालाई निरन्तरता दिने नाममा नेपाली महिलाहरु थुप्रै सामाजिक आर्थिक समस्या झेल्न बाध्य छन् । यहां सम्मकी औषधी उपचार गर्नको लागी पनि उनिहरुले पूरुषहरुको मुख ताक्नु अवस्था छ । महिलाहरुले आफनो जीवन संग नितान्त सम्बन्धित व्यक्तिगत कुराहरुमा समेत निर्णय गर्ने अधिकार पाएका छैन् जस्तो कि कति बच्चा जन्माउने, परिवार नियोजन गर्ने कि नगर्ने जस्ता इत्यादी । वर्तमान अध्ययनले अध्ययन क्षेत्रका महिलाहरुको बारेमा निम्न लिखित प्रश्नहरुको उत्तर खोज्ने प्रयास गर्ने छ र साथै ति महिलाहरुको यो अध्ययन निम्न समस्यामा केन्द्रित छ ।

१. यस जातिका महिलाहरुको सामाजिक तथा सांस्कृतिक अबस्था कस्तो छ ?

२. यस जातिका महिलाहरुको आर्थिक अवस्था कस्तो छ ?

३. यस जातिका महिलाहरुको घरायसि निर्णय प्रकृयामा भुमिका कस्तो छ ?

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै मौलिक उद्देश्य हुने गर्दछन् । प्रस्तुत अध्ययनको मुल उद्देश्य नेवारी महिलाको सामाजिक, आर्थिक तथा साँस्कृतिक अवस्थाको अध्ययन गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु निम्न छन् ।

१. नेवारी महिलाहरुको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गर्ने् ।

२. महिलाहरुको आर्थिक अवस्था माथि प्रकाश पार्नु ।

३. महिलाहरुको घरायसी कार्यको भुमिकाको निर्णय प्रकृयामा प्रकाश पार्ने ।

यस अध्ययनमा अनुसन्धानको ढाँचा, अनुसन्धान क्षेत्रको छनौट, तथ्याङ्कको प्रकृति तथा श्रोत, तथ्याङ्क संकलनका प्रविधिहरु, अन्तरवार्ता, अवलोकन, तथ्याङ्कको प्रस्तुतिकरण एवं विश्लेषण र अध्ययनका सिमाहरु आदि समाहित गरेर अनुसन्धान पद्धति अपनाइएको छ ।

## ७.२ निष्कर्ष

- अध्ययन गरिएको क्षेत्रका उत्तरदाताहरु शत प्रतिशत हिन्दु धर्मावलम्बि रहेको पाईयो ।
- अल्प संख्यक महिला साक्षर भएको देखियो ।
- ढिलो बिबाह गर्नेको संख्या भन्दा चांडो बिबाह गर्नेको संख्या बढि मात्रामा देखिन आयो ।
- विवाहको सन्दर्भमा भन्ने हो भने सबै भन्दा स्वजातिय मागी विवाहमा देखियो भने कम अन्तर जातिय विवाहमा देखियो ।
- उत्तरदाताहरुमा बढी बच्चाहरु जन्माउने प्रबृत्ति देखियो ।
- मादक पदार्थको सेवनले श्रीमान श्रीमति बिच बढि मात्रामा झगडा हुने देखिन आयो ।
- अधिकांश महिलाहरु मतदान बाहेक कुनै पनि राजनैतिक दलमा सहभागी नभएको पाईयो ।
- घरायसी कार्यमा श्रीमानले सहयोग गर्ने सन्दर्भमा सबै भन्दा बढी कृषि कार्यमा सहयोग गरेको देखिन्छ ।
- उत्तरदाताहरुमा धुम्रपान गर्नेको संख्या कम मात्र देखियो ।
- छोरालाई मान्यता दिनुपर्छ भन्नेको संख्या बढी देखियो ।
- पेशाको दृष्टिकोणले हेर्दा उत्तरदाताहरु सबैभन्दा बढी कृषिमा संलग्नता भएको देखियो ।
- आर्थिक कारोबारमा महिलाको भन्दा पुरुषको संलग्जत बढी मात्रामा देखीयो ।
- अधिकाशं महिलाको आफनो नाममा कुनै पनि सम्पत्ति नभएको पाईयो ।

## ७.३ सुझावहरु

विश्व एक्काइसौं सताब्दीमा दगुरीरहेको छ । नेपालको तुलनामा विश्वका महिलाहरु नेतृत्व तह देखी आर्थीक, सामाजिक लगायत थुप्रै क्षेत्रमा अगाडी छन् । त्यसैले मुख्य पेशाको रुपमा कृषिलाई अँगालेर बसेका यि महिलाहरुको स्थितिमा सुधार ल्याउनको लागि निम्न सुझाव दिन चाहन्छु ।

- ऐतिहासिक नगरी भक्तपुर जिल्लाको चित्तपोल गा.वि.स वडा नं १ सिमल्टारमा बसोबास गर्ने नेवारी समुदायका महिलाहरुको मात्र सामाजिक, आर्थिक र सास्कृंतिक पक्षको यो अध्ययन गरिएको हुदा अब आउने दिनमा त्यस गा.वि.स. मा बसोबास गर्ने अन्य समुदायको महिलाहरुको अध्ययन गर्न सकेमा त्यसको आधारमा महिलाको जीवनस्तर उकास्न गा. वि. स. को विकास योजना निर्माण गर्न मद्दत पुग्ने देखिन्छ ।

- सास्कृंतिक सम्पदाको धरोहरको रुपमा नेवारि समुदाय अग्रपंतिमा मानिन्छ, त्यसैले असल संस्कृति के के हुन र यसलाई जगेर्ना गर्ने परिपाटिको विकास गर्ने र पर्यटन क्षेत्रको विकास तथा प्रबर्द्धन गर्न सकिने आधारहरु तर्फ संकेत गर्दछ । जसले गर्दा आर्थिक विकासलाई समेत टेवा पुग्ने देखिन्छ ।
- यो अध्ययनमा महिलाको शैक्षिक तथा राजनितिक सहभागिता अत्यन्त न्युन भएको पाईएको सन्दर्भमा यस्ता समस्या समाधानका लागि उर्पयूक्त निति अवलम्बन गर्नका लागि मार्ग निर्देश गर्दछ ।
- महिला शसक्तिकरणका लागि चेतना तथा सिप मुलक कार्यक्रम तालिमसम्बन्धि कार्यक्रमहरुको निर्णय गर्ने, कार्यक्रम बनाउने सम्बन्धमा उनीहरु स्वयंको सहभागितालाई सुनिश्चित गराउदछ ।

# सन्दर्भ सामग्री

अंग्रेजीमा

Acharya, Meena, 1997, "Gender Equality and employment of Women", (CEDA)

Acharya, Meena and Bennett L., 1981, "Status of Women in Nepal", vol. 2 CEDA, T.U.

Central Bureau of Statistics, 2058, "National Census", Ram Shahpath, Thapathali, Kathmandu, Nepal.

CEDAW, 2060, Ministry of Women, Children and Social Welfare, National Plan of Action, Kathmandu.

Luitel, 1992,

Ministry of women, 2059 "Children and Social welfare, National Plan of Action" on "CEDAW"

Neupane, Mamata, 1995, "Women's Involvement in household Decision Making", Unpublished M.A., Dissertation, T.U., Kath. 1995.

Poudel Tulsiram (2058 B.S) An outline of Gender Studies.

Suvedi Prativa, 1993, Nepali Women Rising

Sharma, P.R. 2054, Cast Social Mobility and Sanskritiation" study of Nepal old legal code vol.1997.

Tuladhar, 2059,

UNDP, 1998, National Gender "Analysis on Elected and Nominated women word Representative", 1998, Shatri Shakti, Kamaladi, Kathmandu.

UND, 2002, "Gender Desegregated Indicators", Nepal, 2002

नेपालीमा

आचार्य, बलराम, २०५८, लैङ्गिक अध्ययन, नेशनल पुस्तक भण्डार, २०५८, काठमाडौं

केन्द्रिय तथ्याङ्क विभाग (२०५८), श्री ५ को सरकार, नेपाल

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०५९, "९३ औं अन्तराष्ट्रिय नारी दिवस", २०५९, फाल्गुन २४

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, २०५९ "महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने संयुक्त राष्ट्रसंघीय महासन्धि (दोश्रोर तेश्रो आवधिक प्रतिवेदन)", २०५९, वैशाख

## अर्धसंरचनात्मक अन्तरवार्ता तालिका

**क. सामाजिका तथा आर्थिक अवस्था**

१. उत्तरदाताको नाम ..................................................

२. उमेर ............................ ३. धर्म.................................

४. शिक्षा .......................... ५. पेशा ............. ६.जात ............

७. तपाई कस्तो परिवार वाट विवाह गरेर आउनु भएको हो?

क) सानो परिवार ख) ठुलो परिवार

८. तपाईको अहिलेको परिवार कस्तो किसिमको छ ?

क) सानो परिवार ख) ठुलो परिवार

९. खाना पकाउनको लागि तपाईलाई कुन चुल्हो प्रयोग गर्दा सजिलो हुने गर्छ र किन ?

क) ग्याँस ( ) ख) स्टोभ ( ) ग) दाउरा/भुसे चुल्हो ( )

१०. खानेपानिका श्रोतहरु के के हून ?

क) धारो ख) कुवा घ) इनार

ङ) अन्य

११. पानि लिन कति टाढा जानु पर्छ ?

....................................................................

१२. पानि कसले ल्याउने ?

क) पूरुष ख) महिला

१३. तपाई बेलुकी कति बजे सुत्नु हुन्छ ?

.......................................................................

१४. तपाइले घरको काममा पूरुषको सहयोग कतिको पाउनु हून्छ ?

क) पाउँछु ख) पाउँदिन ग) अलिअलि मात्र पाउँछु

**ख) महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था**

१. नेवारी महिलामा महिला संग सम्बन्धित चाडहरु के के हुन् ?

क) .............. ख) .................... ग) .....................

२. ति कसरी सम्पन्न गरिन्छ ? त्यसमा महिलाको कस्तो भुमिक

............................................................................................

३. बिबाह गर्दा तपाँइ कति बर्षको हूनुहुन्थ्यो ?

..........................................................................................

४. तपाइको विवाह कस्तो किसिमको हो ?

क) प्रेम विवाह ख) मागी विवाह

५. अन्तरजातिय विवाह प्रति तपाईको के विचार छ ? यस्तो विबाहमा केहि अप्ठेरो वा समस्या परेको छ ?

.....................................................................................

६. तपाईको बच्चाको संख्या कति छन् ?

क) छोरा कति वटा ख) छोरी कति वटी

७. छोरा वा छोरी कसलाइ बढी महत्व दिनुहुन्छ ? कीन ?

क) छोरा ख) छोरी ग) दुवैलाइ बराबर

.....................................................................................

८. घरको काममा छोरा या छोरी कसले बढी सहयोग गर्दछ ?

क) छोराले ख) छोरीले ग) दुबैले घ) अन्य

९. छोरा या छोरी कसलाई बढी महत्व दिनु हुन्छ ? किन ?

.....................................................................................

१०. तपाइले परिवार नियोजनको साधन अपनाउनु भएको छ छैन् ?

छैन भने किन ?

क) स्थायी ख) अस्थायी

११. परिवार नियोजन सम्बन्धि जानकारीको श्रोत के हो ?

क) रेडीयो ख) टी.भी ग) अन्य

१२. परिवार नियोजन कसले गर्नुभएको छ ?

क) महिला ख) पूरुष

१३. के तपाइ धुम्रपान तथा मध्यपान गर्नु हुन्छ ? कसरी सीक्नु भयो ? कुन समयमा खानुहुन्छ?

.....................................................................................

१४.तपाईको श्रीमानले जाड रक्सि खानु हुन्छ कि खानु हुदैन?

क)सधै ख)कहिलेकाहि

१५.तपाईको श्रीमानले तपाईलाई गालि गर्ने र पिट्ने गर्नु हुन्छ ?

क) सधैं पिट्ने/गाली गर्ने ख) कहिले काहि पिट्ने / गाली गर्ने

ग ) कहीलेपनि होइन

१६.पिट्दा तपाइ कस्तो प्रतिक्रिया देखाउनु हुन्छ ?

........................................................................................

१७.श्रीमानले निम्न कार्यहरुमा सहयोग गर्नु हुन्छ ?

क) खाना पकाउने ख) लुगा धुने ग) कृषि घ) बच्चा हेर्ने

१८. निर्णय प्रकृयामा तपाइको परिवारमा कस–कसका कस्तो कस्तो भुमिका रहन्छ ? कीन?

........................................................................................

१९. तपाई कुनै संघ संस्था प्रति आवद्ध हुनु भएको छ ?छ भने के मा, के अनुभब भएको छ ?

........................................................................................

२०.स्थानिय स्तरको निर्वाचनमा तपाई उठ्नु भएको छ, छैन् ?छ भने कुन पदमा ? के अनुभव गर्नु भएको छ ?

........................................................................................

२१.उक्त निर्वाचनमा उठ्न कसले उत्प्रेरणा दियो ? कीन ?

........................................................................................

२२.राननैतिक दलको कार्यक्रममा भाग लिनु हुन्छ ?हुन्छ भने कस्तो किसिमको?हुदैन भने किन?

........................................................................................

२३. तपाई आफ्नो परिवारको कोही महिलाबाट पिडित हुनुहुन्छ कि हुनुहुन्न हुनुहुन्छ भने को बाट?

........................................................................................

२४. तपाइको पहिलेको र अहिलेको खानपान, लुगा र गहनाहरुमा कुनै परिवर्तन आएको छ ?

........................................................................................

२५. तपाइको जग्गा /जमिन कति छ ?

क) खेत=...........रोपनी ख) वारी=...........रोपनी

२६. तपाईको नाममा कुनै माइत र श्रीमान पटि वाट पाउनु भएको सम्पत्ति छ ?

| क) माईत वाट | ख) श्रीमान वाट |
|---|---|
| जग्गा: | जग्गा: |
| घरः | घरः |
| रकम: | रकम: |

२७. तपाईको आम्दानीको प्रत्यक्ष क्षेत्रमा सहभागीता रहेको छ ?

सहभागिताको क्षेत्र:............

२८.महिनाको कति आम्दानी गर्नु हुन्छ ?

.............................................................................................

२९. तपाईले घरमा पशु पंक्षी र वस्तु पाल्नु भएको छ ? छ भने कति?

क) गाईः ख) भैंसीः ग) बाखाः घ) कुखुराः

३०. यसमा को बढी सहभागी हुने ?

क) महिला ख) पुरुष

३१. महिनाको कति आम्दानि गर्नु हुन्छ ? खर्च कति हुन्छ ?

.............................................................................................

३२. तपाईको घर परिवारमा आर्थिक कारोवारमा कसको बढी जिम्मेवारी रहेको

क) महिलाको ख) पुरुषको

३३. तपाईको घर परिवारमा कमाएको पैसा कसले संकलन गर्ने गर्दछ ?

.............................................................................................

३४. यस समाजको महिलाहरुको आर्थिक उत्थानको लागि के के कार्यहरु गर्नु पर्ला ?

.............................................................................................